'सुशासन र समृद्धिको महाअभियानमा सूचना प्रविधि महत्वपूर्ण आधार' | पृष्ठ ५ मा

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com



वर्ष २५ • अंक ३३५ • २०८१ साल बैशाख २१ गते शुक्रबार (3 May, Friday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## इन्टरनेट सेवा अवरुद्ध

टुडे समाचारदाता

जनकपुरधाम । राष्ट्रिय सूचना प्रविधि दिवसकै दिन भारतको एयरटेल कम्पनीले ब्यान्डविथ आपूर्ति गरेपछि नेपालमा इन्टरनेट सेवा अवरुद्ध भएको छ ।

इन्टरनेट सेवा प्रदायकले खरिद गरेको अन्तर्राष्ट्रिय इन्टरनेट ब्यान्डविथबापतको रकम भुक्तानी गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले विदेशी मुद्रा सटही सुविधामा रोक लगाएपछि भारतीय अपस्ट्रिम इन्टरनेट सेवा प्रदायकले भुक्तानी पाउन सकेका छैनन् । जसकारणले भारतको एयरटेल कम्पनीले ब्यान्डविथ आपूर्ति नै बन्द गरिदिएको छ ।

मुख्य इन्टरनेट सेवाप्रदायक कम्पनीहरु वर्ल्डलिंक, सुबिसु, भायानेट, सीजी लगायतका कम्पनीका इन्टरनेट सेवा बिहीबार दिउँसोदेखि प्रभावित भएका छन् । नेपाललाई अन्तर्राष्ट्रिय ब्यान्डविथ बेचिरहेका भारतीय कम्पनी एयरटेलले आपूर्ति रोकेको वर्ल्डलिंक कम्युनिकेसन लिमिटेडका प्रमुख कार्यकारी अधिकृत (सीईओ) केशव नेपालले जनाएका छन् ।

एयरटेलबाट ब्यान्डविथ आपूर्ति रोकिएपछि टाटालगायतका वैकल्पिक कम्पनीका ब्यान्डविथ इन्टरनेट सेवा सुस्तगतिमा चलिरहेको छ । इन्टरनेट सेवा अवरुद्ध हुँदा सेवाग्राहीहरु इन्टरनेट सेवा प्रयोग गर्नबाट वञ्चित भएका छन् ।

नेपाल दूरसञ्चार प्राधिकरणले पनि विभिन्न पटक सञ्चार मन्त्रालयलाई पत्र लेखेर इन्टरनेट सेवा नै रोकिने अवस्था आउने भन्दै विदेशी मुद्रा सटही सुविधा दिन आग्रह गर्दै आएको थियो ।

तर सो मन्त्रालयले इन्टरनेट मर्मत सम्भारको शुल्कमा रोयल्टी र आरटीडीएफ दस्तुरको विवादलाई कारण देखाएर इन्टरनेट सेवाप्रदायक कम्पनीका अपस्ट्रिम इन्टरनेट सेवा प्रदायक कम्पनीलाई तिर्नुपर्ने रकम बराबर राष्ट्र बैंकबाट भुक्तानीका लागि विदेशी मुद्रा सटही गर्न आवश्यक सिफारिसपत्र दिनबाट अस्वीकार गर्दै आएको छ ।

करिब एक वर्षदेखि इन्टरनेट ब्यान्डविथ खरिद बापतको भुक्तानी गर्न नसकेपछि इन्टरनेट सेवाप्रदायकलाई अपस्ट्रिम कम्पनीले दबाव दिँदै आएका छन् ।

इन्टरनेट सेवा रोक्ने पटक-पटकको चेतावनीका बीच राष्ट्रिय सूचना प्रविधि दिवसकै दिन भारतीय कम्पनी एयरटेलले ब्यान्डविथको आपूर्ति बन्द गरेको छ ।

एयरटेलले आपूर्ति रोकेपछि करिब ६० प्रतिशत फाइबर इन्टरनेट बजार प्रभावित भएको अनुमान छ । नेपाल टेलिकमसहितका केही निजी सेवा प्रदायक बाहेकका करिब ७० लाख बढी इन्टरनेट प्रयोगकर्ता मर्कामा परेको जनाइएको छ ।

आइस्पानले जनाए अनुसार नेपालका इन्टरनेट सेवा प्रदायकहरुका अनुसार अन्तर्राष्ट्रिय ब्यान्डविथ बेचिरहेका भारतीय कम्पनीहरुलाई तिर्नुपर्ने रकम करिब ३ अर्ब रुपैयाँ पुगिसकेको छ ।

लामो समयदेखि रकम भुक्तानी नभएपछि ४ महिनाअघि अपस्ट्रिम नेटवर्क सेवा प्रदायक कम्पनीका प्रतिनिधिहरुले तत्काल बाकी बक्यौताको रकम नदिएमा नयाँ वर्ष (सन् २०२४) देखि नेपालका लागि सेवा रोक्न सक्ने चेतावनीसमेत दिएका थिए ।

आइस्पानले भने पटक-पटक पत्राचार गरेर भुक्तानीको व्यवस्था मिलाउने आश्वासन दिएर सेवा रोकिन दिएको थिएन । सोको एक वर्षपछि भारतीय कम्पनी एयरटेलले इन्टरनेट सेवा नै अवरुद्ध गरेको छ ।

सञ्चारमन्त्री रेखा शर्माले इन्टरनट सेवाप्रदायकबाट इन्टरनेट मर्मत सम्भारको शुल्कमा रोयल्टी र आरटीडीएफ दस्तुर उठाउनका लागि सटही सुविधामा रोक लगाएको उनीहरुले आरोप लगाएका छन् ।

उनले यसै वर्ष सहसचिव गौरव गिरी नेतृत्वमा इन्टरनेट सेवाको मर्मत सम्भारमा कर छलिएको भन्दै एक छानबिन समितिसमेत बनाएकी थिइन् ।

सो समितिको प्रतिवेदनका आधारमा मन्त्रालयले गत असोजमा ९ वटा सेवा प्रदायकबाट रोयल्टी, राजस्व तथा आरटीडीएफ दस्तुर गरी २ अर्ब ४७ करोड ३५ लाख ५९ हजार ९७८ रुपैयाँ असुल्न दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएको थियो ।

मन्त्रालयले अन्य सेवा प्रदायकहरुबाट पनि सपोर्ट शुल्क, प्राविधिक शुल्क, मर्मतलगायतका आयबाट तिर्नुपर्ने रोयल्टी र आरटीडीएफ दस्तुर यकिन गरेर उठाउन निर्देशन दिएको छ ।

तर सञ्चार मन्त्रालय र प्राधिकरणको निर्देशन सेवा प्रदायकहरुले नमानेपछि इन्टरने सेवा अवरुद्ध हुन पुगेको छ ।

### वन मन्त्रालयमै चित बुझाए साह

## अझै भएन पद बहाली, वन मन्त्रालयको काम प्रभावित

टुडे समाचारदाता

जनकपुरधाम । वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी पाएका भरतप्रसाद साहले छिट्टै पदभार सम्हाल्ने भएका छन् ।

बिना विभागीय मन्त्रीको शपथ ग्रहण गरेका नेकपा माओवादी केन्द्र मधेश प्रदेशका संसदीय दलका नेतासमेत रहेका साहले असन्तुष्टिलाई कायम राख्दै छिट्टै पदभार सम्हाल्ने भएका छन् ।

अर्थ मन्त्रालयको जिम्मेवारी लिने अडानका कारण मुख्यमन्त्री सरोजकुमार यादवले उनलाई बिना विभागीय मन्त्रीकै रुपमा राखेका थिए ।

मुख्यमन्त्री यादवले बिना विभागीय मन्त्री बनेको करिब दुई सातापछि साहलाई वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी दिएको थियो । तर उनले अर्थ मन्त्रालयमा दाबी गर्दै सो मन्त्रालयको कार्यभार सम्हाल्ने आनाकानी गर्दै आएका थिए ।

केही दिन अघि बसेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बैठकमा समेत उनलाई अर्थ मन्त्रालय नदिने मुख्यमन्त्री यादवले स्पष्ट संकेत गरेपछि उनी बैठक नै छाडेर हिडेका थिए ।

यसैबीचमा मन्त्री साह काठमाण्डुमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटघाट गरेपछि उनलाई तत्काल जिम्मेवारी पाएकै मन्त्रालय सम्हाल्न निर्देशन दिएको उच्च स्रोतले जनाएको छ ।

उच्च स्रोतका अनुसार मन्त्री साहले यसै साता भित्रै कार्यभार सम्हाल्ने जनाएको छ । 'मन्त्री साहले पार्टीको निर्देशनसमेत पाइसकेकाले तत्कालै एक दुई दिनमै पदभार सम्हाल्ने छन्' स्रोतले भने ।



मुख्यमन्त्री यादव तेस्रो पटक विश्वासको मत लिइ रहँदा मन्त्री साहले नेपाल-भारतको सीमावर्ती क्षेत्रस्थित भारत बिहारको सुरसण्डमा सत्तारुढ जनता समाजवादी पार्टी नेपालका केही प्रदेशसभा सदस्यसहित नेपाली कांग्रेस, नेकपा एमाले, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, माओवादीलगायतका सभासदहरुलाई लिएर मुख्यमन्त्री बन्ने दाउमा भए पनि उनको योजना भने सफल हुन सकेको थिएन् । उनी केही क्षणकै लागि सो बैठकमा मुख्यमन्त्री बने पनि सो योजना तत्कालै तुहिएको थियो ।

लोसपा नेपाल मधेश प्रदेशका फरार संसदीय दलका नेता अभिराम शर्माले समर्थन नगर्ने संकेत गरेपछि साहको मुख्यमन्त्री बन्ने योजना तुहिएको थियो ।

त्यतिबेला उनलाई एमाले मधेश प्रदेशका संसदीय दलका नेता समेत रहेका भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवले मुख्यमन्त्री बनाउनमा साहका लागि अहम भूमिका निर्वाह गरेका थिए । मुख्यमन्त्री बनाउनमा साथ र समर्थन गरेका एमालेले आन्तरिकरुपमा अर्थ मन्त्रालयमा सहयोगस्वरुप मुख्यमन्त्री यादवलाई दबाब सृजना नगर्दा मन्त्री साहलाई वन तथा वातावरण मन्त्रालयमै चित्त बुझाउनु परेको स्रोतको भनाइ छ। मुख्यमन्त्री यादव बिहीबार सप्तरीको महदेवा गाउँपालिकामा भएको आगलागी निरीक्षण गर्ने क्रममा मन्त्री साह पनि सँगै रहेको र उनलाई मुख्यमन्त्री यादवले कार्यभार सम्हाल्न सुझाएको स्रोतको भनाइ छ ।

यस अघि वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी लोसपाबाट रमेशप्रसाद कुर्मी थिए । कांग्रेसले मधेश सरकारलाई दिएको समर्थन फिर्ता लिए पछि विश्वासको मत लिने क्रममा लोसपाले पनि मुख्यमन्त्री यादवलाई दिएको समर्थन फिर्ता लिएको थियो ।

लोसपाले मुख्यमन्त्री यादवलाई दिएको समर्थन फिर्ता लिएपछि सो मन्त्रालय माओवादीको भागमा परेको छ । यसअघि जनमत पार्टीले मुख्यमन्त्री यादवलाई दिएको समर्थनसहित सरकारबाट बहिर्गमित भएपछि रित्त रहेको दुई मन्त्रालयसहित श्रम तथा यातायात मन्त्रालय माओवादीको भाग परेको थियो । तर भरतप्रसाद साहले अर्थ मन्त्रालय पाउनुपर्ने र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् पुनःगठन गर्नुपर्ने माग अघि सार्दै आएका थिए ।

सोही अनुसार भरत प्रसाद साहको योजनामा लोसपाले मन्त्रालय छाडे पछि माओवादीबाट उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयबाट सुनिता यादवलाई जिम्मेवारीबाट हटाएर माओवादीबाटै युवराज भट्टराईलाई जिम्मेवारी दिएको छ । भने मन्त्री साह अर्थ मन्त्रालयको जिम्मेवारी पाउनका लागि अन्तिमसम्म पनि मुख्यमन्त्री यादवदेखि प्रधानमन्त्री प्रचण्डसम्म लविंग गरिरहेका थिए । तर उनलाई माओवादीका अध्यक्षसमेत रहेका प्रधानमन्त्री प्रचण्डले समेत स्पष्टरुपमा पाएको मन्त्रालयको जिम्मेवारी सम्हाल्न निर्देशन दिएपछि उनी केही दिनमै वन तथा वातावरण मन्त्रालयको कार्यभार सम्हाल्ने उच्च स्रोतले जनाएको छ ।

उनी मन्त्री बन्न र सुनिता यादवलाई उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयको जिम्मेवारीबाट हटाउनकै लागि मुख्यमन्त्री यादव समक्ष मन्त्रिपरिषद् पुनःगठनको माग गर्दै आएको स्रोतले दाबी गरे ।

मुख्यमन्त्री यादवले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को तेस्रो वरियता क्रममा वन तथा वातावरण मन्त्रालयलाई तोकेको मधेश प्रदेश प्रमुख कार्यालयले करिब एक साता अघि जारी गरेको विज्ञप्तिमा जनाइएको छ । मन्त्री साह लालबाबु राउत सरकारको पालामा गृह कानुन तथा संचार मन्त्री थिए ।






# जोखिम नक्साङ्कन गरेर विपद् व्यवस्थापनमा जुट्दै कोशी प्रदेश

झापा । कोशी प्रदेश सरकारले बाढी,पहिरो, आगलागी, चट्याङ र जङ्गली जनाबरको आक्रमणबाट निम्तिने जनधनको क्षति न्यूनिकरणका लागि विपद् व्यवस्थापनको नीति तथा योजनाहरु निर्माण गरेको छ ।

प्रदेशको १४ जिल्ला र १३७ पालिका समेटिने गरी 'प्रदेश विपद् जोखिम नक्सांकन' कार्य भइरहेको र विपद् व्यवस्थापनमा डिजिटल प्रविधिको उच्चतम् प्रयोगमा ध्यान दिइएको प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयका उपसचिव कमल थापाले बताउनुभयो ।"कहाँ कहाँ जोखिम छन् भनेर मोवाइल एप्समार्फत नक्सांकन गरेका छौं," उहाँले भन्नुभयो,"त्यही आधारमा विपद्बाट हुनसक्ने क्षतिको न्यूनीकरण, उद्धार तथा राहत कार्यमा स्थानीय पालिकासम्म निर्माण गरिएका संरचनामार्फत पूर्वतयारीका साथ जुट्छौं ।" यस कार्यमा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र रेडक्रसको सक्रिय भूमिका रहने उहाँले बताउनुभयो ।

सबै पालिकामा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र र चार-चार वटा पालिकालाई समेटेर प्रदेशको चार स्थानमा एकीकृत सेवा केन्द्र स्थापना गरेर विपद् व्यवस्थापन कार्य अघि बढाइएको उहाँले जानकारी दिनुभयो ।



### तीन वर्षमा ६९२ जनाको मृत्यु

कोशी प्रदेशमा बिगत तीन वर्षमा बाढी पहिरो, चट्याङ, आगलागी र जंगली जनावरको आक्रमणबाट ६९३ जनाको मृत्यु भएको छ । यसमा सबैभन्दा बढी मृत्यु बाढी पहिरोबाट भएको छ । ाव २०७७/०७८, आव २०७८/०७९ र आव २०७९/०८० मा बाढी पहिरोबाट ५७८ जनाको मृत्यु भएको छ भने रु. सात अर्ब ४२ करोड ३१ लाख ५२ हजार मूल्य बराबरको धनमाल क्षति भएको कोशी प्रदेश प्रहरी कार्यालयले जनाएको छ । कार्यालयको तथ्यांक अनुसार आव २०७७/०७८ मा ५५ जना, २०७८/०७९ मा पाँच जना र २०७९/०८० मा २३ जनाको मृत्यु बाढी पहिरोबाट भएको थियो ।

सोही तीन वर्षको अवधिमा आगलागीबाट ५२ जनाको मृत्यु भएको छ भने रु सात अर्ब १२ करोड ११ लाख सात हजार मूल्य बराबरको धनमाल क्षति भएको छ । आव २०७७/०७८ मा २२ जना, २०७८/७९ मा १५ जना र २०७९/८० मा १५ जनाको मृत्यु आगलागीबाट भएको थियो । जङ्गली जनावरको आक्रमणबाट सोही तीन वर्षको अवधिमा ३२ जनाको मृत्यु भएको छ भने रु दुई करोड ११ लाख २१ हजार मूल्य बराबरको धनमाल क्षति भएको छ । आव २०७७/ ७८ मा १४ जना, २०७८/७९ मा आठ जना र २०७९/८० मा १० जनाको मृत्यु जङ्गली जनावरको आक्रमणबाट भएको थियो ।

चट्याङबाट सोही तीन वर्षको अवधिमा ३० जनाको मृत्यु भएको छ भने रु दुई करोड दुई लाख ८० हजार मूल्य बराबरको धनमाल क्षति भएको छ । आव २०७७/७८ मा १५ जना, २०७८/७९ मा छ जना र २०७९/ ८० मा नौ जनाको मृत्यु चट्याङबाट भएको थियो ।चालू आव २०८०/८१ मा पनि विपद्का कारण जनधनको क्षति भइरहेको छ । गत पुसदेखि चैत मसान्तसम्मच चार महिनामै आगलागीका ४८८ घटना कोशी प्रदेशमा भएका छन् । यसमा १२ जनाको मृत्यु र २४ जना घाइते भएका छन् ।

कोशी प्रदेशको विपद् व्यवस्थापन समितिका सदस्य रामकुमार दाहाल प्रदेशमा बाढी पहिरो, आगलागी र चट् याङ नै विपद् निम्त्याउने मुख्य कारक रहेको बताउनुहुन्छ । तीन वटै तहको सरकारले मिलेर विपद् व्यवस्थापनमा सहकार्य गरेमात्र यसका चुनौतिहरुको सहज सामना गर्न सकिने उहाँको धारणा रहेको छ ।चालू आव २०८०/८१ मा भएका घटनालाई विश्लेषण गर्दा प्रदेशमा कूल विपद्का घटनामा आगलागीले ७२ प्रतिशत, चट्याङले १० प्रतिशत, पहिरोले सात प्रतिशत, बाढीले छ प्रतिशत र बन्यजन्तुले पाँच प्रतिशत स्थान ओगटेको विपद् व्यवस्थापन विज्ञ दाहालले बताउनुभयो ।

### एघार वटा कानुन र कार्यविधि पारित

विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई नीतिगत व्यवस्थामार्फत व्यवस्थित तुल्याउन कोशी प्रदेश सरकारले दुईवटा प्रादेशिक उच्चस्तरीय विपद् समिति गठन गरेको सहसचिव थापाले बताउनुभयो ।उहाँका अनुसार मुख्यमन्त्रीको अध्यक्षतामा सबै मन्त्री, विपक्षी दलका प्रमुख, प्रदेश योजना आयोगका उपाध्यक्ष, मुख्य न्यायाधिवक्ता, प्रदेश सचिव, सबै मन्त्रालयका सचिव, सेना र प्रहरीका प्रदेश प्रमुखहरु र विज्ञहरुको सहभागिता रहने गरी प्रदेश विपद् व्यवस्थापन परिषद् गठन गरिएको छ ।

यसैगरी, आन्तरिक मामिला तथा कानून मन्त्रीको अध्यक्षतामा प्रदेश विपद् कार्यकारी समिति गठन गरिएको छ । जसमा नौ वटै मन्त्रालयका सचिव, प्रहरीका सबै प्रमुख, रेडक्रस लगायतका प्रतिनिधि सदस्य रहने व्यवस्था गरिएको छ । गठन भएको परिषद्ले नीति र योजना बनाउने कार्य गर्दछ भने समितिले खोज, उद्धार, राहत वितरण कार्यमा प्रभावकारिता ल्याउन परिषद्बाट स्वीकृत नीति र योजनाको अधिनमा रही संघ, प्रदेश र स्थानीय तह लगायत सरोकारवालासँग समन्वय तथा सहकार्य गरेर विपद् व्यवस्थापनको कार्य अघि बढाउने उहाँले बताउनुभयो ।

प्रदेश सरकारले विपद् व्यवस्थापनसँग जोडिएका ११ वटा कानून तथा कार्यविधि निर्माण गरिसकेको छ । यिनै कानूनी व्यवस्थाका आधारमा विपद् व्यवस्थापन सम्बन्धी कार्यहरु भइरहेको हो । उहाँका अनुसार प्रदेश विपद् व्यवस्थापन ऐन २०७५ (संशोधन २०७९) लागू भइसकेको छ भने विपद् सम्बन्धी खोज, उद्धार तथा राहत वितरण मापदण्ड २०७६ कार्यान्वयनमा आइसकेको छ ।

प्रदेश सरकारले विपद् व्यबस्थापन कोष सञ्चालन कार्यविधि २०७५, प्रदेश भण्डारगृह सञ्चालन कार्यविधि २०७७, प्रदेश विपद् व्यवस्थापन नीति २०७९, मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र संचालन तथा व्ययस्थापन कार्यविधि २०७९, प्रदेश विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी कार्ययोजना २०७८, शिक्षा क्षेत्रको आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९, मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० र प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र सञ्चालन कार्यविधि २०७६ पारित गरिसकेको छ । प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्य योजना भने पारित हुन बाँकी छ ।

### चार एकीकृत सेवा केन्द्र

प्रदेश सरकारले १४ वटै जिल्ला र १३७ वटै पालिकाको विपद् जोखिम नक्सांकनका लागि 'मोवायल एप्स' निर्माण गरेको छ । यसमा 'डाटा अपलोड' कार्य धमाधम भइरहेको जनाइएको छ । प्रदेश विपद् जोखिम नक्सांकनका लागि जिल्ला तथा स्थानीय तहमा कार्यशाला गोष्ठीहरु भइसकेको छ ।

मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र अन्तर्गत ४ वटा एकीकृत सेवा केन्द्र स्थापनाका लागि सम्झौता भई भवन निर्माण प्रक्रिया अघि बढेको उहाँले बताउनुभयो । मोरङको रंगेली, सुनवर्षी, धनपालथान र कानेपोखरीलाई समेटेर एउटा एकीकृत सेवा केन्द्र निर्माण गरिएको छ भने झापाको अर्जुनधारा, कनकाई, बुद्धशान्ति र विर्तामोडलाई समेटेर अर्को सेवा केन्द्र बनाइएको छ । यी दुबै सेवा केन्द्रको सम्झौता सम्पन्न भई रु. चार करोड रकम भुक्तानी गइसकेको प्रदेश सरकारले जनाएको छ । बराह क्षेत्र, कोशी, भोक्राहा र नरसिंहलाई समेटेर एउटा र आठराई र फेदापलाई समेटेर अर्को केन्द्र स्थापनाका लागि प्रक्रिया अघि बढाइएको बताइएको छ ।

स्थानीय स्तरमा विपद् व्यवस्थापनको पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्य गर्न स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गरिएको र १३७ वटै स्थानीय तहमा कम्प्यूटर, प्रिन्टर र एन्ड्रोइड मोवायल उपलब्ध गराइएको उपसचिव थापाले बताउनुभयो ।

सबै जिल्लामा कमसेकम एउटा दमकल र सवारी साधन उपलब्ध गराइएको र १४ वटै जिल्ला प्रशासन कार्यालयलाई मोटरसाइकल उपलब्ध गराइएको उहाँले बताउनुभयो । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई विपद् उद्धार सामग्री सहयोग गरिएको र सवारी साधन पुग्न कठिनाई हुने स्थानमा राहत तथा विपद् सामग्री पुर्याउन हेलिकोप्टर पठाउने गरिएको उहाँले जानकारी दिनुभयो ।

चालु आव २०८०/८१ मा कोशी प्रदेशका नौ जिल्लाका ५७ जना आगलागी पीडितलाई रु. २८ लाख १५ हजार र आगलागी र बाढीबाट मृत्यु, वेपत्ता र मृत्यु घोषणा भएका ३५ जनाको परिवारलाई रु १३ लाख ७० हजार राहत वितरण गरिएको उहाँले बताउनुभयो । विपद् प्रभावित परिवारको निजी आवास पुनर्निमाणका लागि लागत साझेदारीमा झापा, भोजपुर, पाँचथर, इलाम, ताप्लेजुङका ४५७ परिवारलाई चालू आवमै रु. एक करोड १४ लाख ४५ हजार उपलब्ध गराइएको छ ।रासस

## प्रदेश सरकार जनताका समस्याप्रति संवेदनशील छः मुख्यमन्त्री यादव



**टुडे समाचारदाता**

राजविराज । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले जनताका समस्याप्रति प्रदेश सरकार संवेदनशील रहेको बताएका छन् ।

सप्तरीको महादेवा गाउँपालिका–१ स्थित चिम्टीका अग्निपीडितको अवस्थाबारे विहिबार जानकारी लिनेक्रममा विहिबार मुख्यमन्त्री यादवले मधेसमा बसोबास गर्ने हरेक व्यक्तिको पीडा र समस्याप्रति सरकार संवेदनशील रहेको बताए । उनले आगलागीपीडित जनतालाई राहत तथा पुनर्स्थापनाका काममा पनि सरकार तदारुकताका साथ लाग्ने भन्दै उनले समस्याबाट नआत्तिन पीडित परिवारलाई आग्रह गरे ।

"केही दिनभित्रै प्रदेश सरकाले अग्निपीडितका लागि राहतप्याकेज घोषणा गरी पीडित परिवारका घर निर्माणको काम सुरूआत गर्नेछ । प्रदेश सरकार तपाईंहरुको साथमै छ त्यसैले सँगसँगै मिलेर समस्याको सामना गरौंला", उनले भने ।

त्यसअवसरमा मधेस प्रदेशका वन तथा पर्यटनमन्त्री भरतप्रसाद साह, पूर्वअर्थमन्त्री शैलेन्द्रप्रसाद साह, मधेश प्रदेशसभा सदस्य मनिष सुमन, किरण साह, प्रमुख जिल्ला अधिकारी किरण थापा, स्थानीय जनप्रतिनिधिलगायत विभिन्न पार्टीका नेताहरूले चिम्टीका अग्निपिडितहरुको समस्या बारे जानकारी लिनुभएको थियो ।

## नेपाल भित्रने पर्यटक १२ दशमलव ७५ प्रतिशतले बढे

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालमा विदेशी पर्यटक आगमन १२ दशमलव ७५ प्रतिशतले बढेको छ । पर्यटन बोर्डले दिएको जानकारीअनुसार सन् २०२३ को अप्रिलको तुलनामा सन् २०२४ को अप्रिल सो संख्यामा पर्यटकको आगमन बढेको हो ।

सन् २०२३ को अप्रिलमा कूल ९८ हजार सात सय ७३ विदेशी पर्यटक आएकोमा सन् २०२४ को सोही अवधिमा एक लाख ११ हजार तीन सय ७६ पर्यटक आएका हुन् । बोर्डका अनुसार सन् २०२२ को अप्रिलमा ६१ हजार पाँच सय ८९, सन् २०२१ मा २२ हजार सात सय ३२, सन् २०२० मा १४ र सन् २०१९ मा एक लाख नौ हजार तीन सय ९९ पर्यटक नेपाल आएका थिए ।

बोर्डका अनुसार अप्रिलमा नेपाल भित्रने पर्यटकमा सबैभन्दा धेरै भारतीय छन् । सो अवधिमा भारतीय पर्यटक ३० हजार एक सय ५८, अमेरिकी पर्यटक नौ हजार नौ सय ४७, चिनियाँ नौ हजार सात सय ५० विदेशी पर्यटक नेपाल आएका छन् । साथै बेलायतबाट पाँच हजार तीन सय ९१, अष्ट्रेलियाबाट चार हजार एक सय १०, बङ्गलादेशबाट चार हजार तीन, फ्रान्सबाट तीन हजार सात सय ५५, जर्मनीबाट तीन हजार दुई सय ७०, रसियाबाट दुई हजार नौ सय ७७ र मलेसियाबाट दुई हजार तीन सय १० पर्यटक नेपाल आएका छन् ।

## काठमाडौं बन्यो सबैभन्दा प्रदूषित सहर

काठमाण्डु । काठमाडौं विहिबार फेरी वायु प्रदूषणको हिसाबले विश्वकै पहिलो प्रदूषित सहरका रुपमा सूचीकृत भएको छ । 'एयर क्वालिटी इन्डेक्स' को विहिबारको तथ्याङ्कअनुसार समग्र वायु गुणस्तर सूचकाङ्क (एक्युआई) एक सय ६२ पुगेको छ ।

एयर क्वालिटी इन्डेक्स' का अनुसार दोस्रो प्रदूषित सहरका रुपमा थाइल्याडको चियाङ माई सहर सूचीकृत भएको छ । यसैगरी इन्डोनेसियाको मेदान तेस्रो प्रदूषित सहरका रुपमा सूचीकृत रहेको छ । सुक्खा यामसँगै बढ्दै गइरहेको तापक्रम वृद्धिसँगै मुलुकको विभिन्न स्थानमा लागेको वन डढेलोका कारण वायुप्रदूषण पनि बढिरहेको हो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विहिबार ३९ जिल्लाका एक सय ६५ स्थानमा वन डढेलो लागिरहेको छ ।

डढेलोविद् सुन्दर शर्माले मुलुकको विभिन्न स्थानमा लागिरहेको वन डढेलोसँगै प्रदूषण पनि बढिरहेको जानकारी दिनुभएको छ । "वनमा लागिरहेको डढेलोका कारण अहिले वायुप्रदूषण बढेर काठमाडौंलगायतका मुख्य सहरका हावा अस्वस्थ बनेको छ", उहाँले भन्नुभयो, "केही समय पानी नपरे वन डढेलो पनि नियन्त्रणमा ल्याउन गाह्रो हुने र प्रदूषण अझै बढ्ने खतरा रहेको छ ।" तर जल तथा मौसम विज्ञान विभाग अन्तर्गतको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गोविन्द झाका अनुसारकेही स्थानमा छिटपुट वर्षा भए पनि तत्कालका लागि राम्रो वर्षाको सम्भावना छैन ।



विपत् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीका अनुसार ० देखि एक्युआई ५० राम्रो अर्थात् ग्रीन सिङ्गलले चिनिन्छ । "५१ देखि एक सयसम्मको एक्युआइलाई होसियार रहुँ अथवा पहेंलो सङ्कतले चिनिन्छ । यसैगरी एक सय एकदेखि एक सय ५० सम्मलाई अस्वस्थ जसमा श्वासप्रश्वास र मुटुरोगीका बिरामीलाई असर गर्छ भन्ने बुझिन्छ", उहाँले भन्नुभयो, "एक सय ५१ देखि दुई सयदेखिको एक्युआइलाई पनि अस्वस्थ तर सबैलाई असर गर्छ भन्ने बुझिन्छ । २०१ देखि ३०० सयलाई धेरै अस्वस्थ्यका रुपमा लिइन्छ र तीन सय एकदेखि चार सयलाई खतरनाक र ४०१ देखि ५० लाई धेरै खतरा मानिएको छ ।"

बढ्दो वन डढेलोका कारण वायुप्रदूषण पनि बढिरहेको भन्दै वन डढेलो जतिसक्दो छिटो नियन्त्रण गर्न नसके प्रदूषण बढेर आपत्कालीन अवस्थामा पुग्ने बताउनुहुन्छ वातावरण अभियन्ता राजन थापा । रासस

## करेन्ट लागेर एक युवकको मृत्यु

**टुडे समाचारदाता**

सिराहा । सिराहा नगरपालिका १५ सुकचैनामा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ । पानी तान्ने मोटरको तार विद्युतीय बोर्डमा जोड्ने क्रममा करेन्ट लागेर स्थानीय ३५ वर्षीय रञ्जितकुमार यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ ।

करेन्ट लागेर मृत्यु भएको अवस्थामा स्थानीयले देखेपछि प्रहरीलाई जानकारी गराएका थिए ।

जिल्ला प्रहरी कार्यालय सिराहाले घटनास्थलमा मुचुल्का तयार पारी मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल सिराहामा राखिएको जिल्ला प्रहरी कार्यालय सिराहाका प्रहरी नायव उपरीक्षक तथा सूचना अधिकारी मुक्तिनाथ सापकोटाले जानकारी दिए ।

**माइग्रेशन हरायो**

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८१/१/१० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : ममता कुमारी यादव**
**सिम्बोल नं.: ३१७००९७०**
**रजिष्ट्रेशन नं.:६८१७४५०२५**
**जन्म मिति : २०४९/१२/०५**
**ठेगाना: हनुमाननगर**
**मो.नं.९८४४०९८३९०**

### तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| बृष | : भ्रमण अवसर हुने । |
| मिथून | : अवसर प्राप्त । |
| कर्कट | : वाद विवादबाट बच्नु । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : बौद्धिक क्षमता । |
| वृश्चिक | : प्रतिभा सम्पन्नता । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : पारिवाहिक सुख । |
| कुम्भ | : धन वृद्धि सञ्चय । |
| मीन | : प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

### महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मटिहानीका खरानीका घर फेरि बौरिने प्रतीक्षामा पीडित

**महोत्तरी ।** बालबालिका न हुन्, घरबारविहीन भई खुला आकाशमुनि आउँदा पनि निस्फिक्री जीवन बाँचिरहेका छन्। न छानाको चिन्ता छ न मानाको। चिन्ता छ त केवल ‘खरानीको घर’ अरुको भन्दा राम्रोसँग कसरी ठड्याउने !

यही वैशाख १२ गते आगलागीबाट एक सयभन्दा बढी घर जलेर खरानी भएका महोत्तरीको मटिहानी–६ को जरलहवागाछी बस्तीमा अहिले यस्तै दृश्य देखिन्छन् । घरबास कहिले उठ्ने हुन् अहिलेसम्म टुङ्गो छैन तर त्यहाँका अबोध बालबालिका भने घर जलेकै ठाउँमा ‘खरानीको घर’ बनाउने खेलमा व्यस्त छन् । खरानी मुछेर दिनमा कैयनपटक घर बनाउँछन्, भत्काउँछन्। अनि एकअर्कालाई भन्छन्, “याह देख, हम त देवाल ठार कदेली (यी हेर, मैले त पर्खाल ठड्याएँ) ।”

अचेल हरेक दिन स्थानीय अभिभावकले यस्तै दृश्य देख्नुपरेको छ । बालबालिकाका लागि रमाइलो खेल भएपनि देख्नेका लागि वैशाख १२ को कहालीलाग्दो दृश्य सम्झाएर पलपलमा मन छियाछिया बनाउने कारण बनिरहेका छन यी दृश्य ।

आगलागीबाट क्षतिग्रस्त वडासँग जोडिएको छिमेकी बस्तीका मोहम्मद इसराफिल राइन घर जलेर बनेको खरानीको सहारामा सपनाको घर सजाउने बालबालिकाको क्रियाकलाप हेर्न आफूले पनि आँशु रोक्न नसकेको बताउनुहुन्छ । “दसकौँ पहिलेदेखि बसिरहेका घर जलेर खरानी भएका छन्, बालबालिकाले त्यही खरानी मुछेर घर बनाइरहेका छन् । रमाइलोका लागि बनाइएका यी खरानीका घर सो बस्तीका सपना पनि हुन् । ती सपनाका घरमा पीडित परिवारले अब कहिले पो बस्न पाउने हुन् । सम्भवा पनि उदेक लाग्छ”, इसराफिलले भनुभयो, “तर सबैको सहयोगमा दसकौँदेखि बसिरहेको आफ्नै थातथलोमा स्थानीयले बस्न पाउने गरी घर बन्ने हाम्रो अपेक्षा छ ।”

स्थानीय अभिभावकमात्रै होइन मटिहानी नगरप्रमुख हरिप्रसाद मण्डललाई पनि यी दृश्यले वैशाख १२ मा दन्दनी सल्किएको आगोको बिस्मृति सम्झाएर भत्भति पोल्छ, गहभरि आँसु हुन्छ । “मैले आफैँले देखेँ, भोगेको घटनाले मन अझै स्थिर हुन सकेको छैन । हरेक दिन बस्ती निरीक्षणमा जाँदा बालबालिका खेलिरहेका दृश्यले भन् अस्थिर बनाउँछ । मलाई नै भत्भति जलिरहेको आभाष हुन्छ”, मण्डल गला अवरुद्ध पार्दै भन्नुहुन्छ, “नगरबस्ती घुमफिरपछि घर पुगेर खान थालेकै बेला वडा नम्बर–६ कार्यालयबाट आगलागीको खबर आएलगत्तै गाँस छाडेर बस्ती पुगेको क्षण उप्काएर बेचैनी बढाउँछ ।”

नगरप्रमुख मण्डलले भनेअनुसार उहाँको घर आगलागी भएको स्थानबाट करिब ४ सय मिटर मात्र टाढा छ ।

उहाँ घटना सुनेलगत्तै गाँस छोडेर बस्तीतर्फ हानिएको सम्भिँदा बेलाबेला भावुक बनाउने गरेको बताउनुहुन्छ ।

घरबाट निस्किँदै नगरको दमकल चालक, जिल्लास्थित सशस्त्र प्रहरीको ९ नम्बर गण, जिल्ला प्रहरी, जिल्ला प्रशासन र नेपाली सेनाको परिकौलीस्थित गणमा फोन गरिसकेकाले उहाँ नपुग्दै पाँच सात मिनेटमै नगरको दमकल आगो निभाउन लागेका दृश्य मानसपटलमा ताजा बनेर आउँछ ।

प्रचण्डगर्मीको राप र हावाको गतिका अगाडि एउटा दमकल निरिहजस्तै बन्यो । प्रमुख जिल्ला अधिकारीको समन्वयमा केहीबेरमै दमकल थपिँदा आगोको लप्कालो धेरै घरलाई लपेटिसकेको थियो ।

मण्डल भन्नुहुन्छ, “एकै छिनमा १० वटा दमकल पुगे, नेपाली सेना, प्रहरी, सशस्त्र प्रहरी, नगर कर्मचारी र नगरबासी त पुग्यौँ तर केही सीप चलेन । आगो निभाउन करिब छ घण्टा लाग्यो । त्यतिञ्जेल बस्ती खरानी भइसकेको थियो ।”



सो दिनको मौसम र आगोको राक्षसी रुप हेर्दा बस्तीमा थप क्षति बढ्न नदिन एक प्रकारको सफलता नै पाएको मण्डलको भनाइ छ । उहाँले त्यसो भनिरहँदा हामीले जिज्ञासा राख्यौँ, क्षति कम गर्न तपाईंहरुको प्रयास पर्याप्त थियो कि थप केही गर्न सकिन्थ्यो ? जवाफमा मण्डल भन्नुहुन्छ, “जसको असावधानीले भए पनि आगो त लागिसकेको थियो । हामीले खबर पाउनेबित्तिकै लागेपुगे जति सबै प्रयास गर्यौँ । आफ्नो दमकल समयमै पुऱ्यायौँ, थप दमकल र आगो निभाउन दक्ष जनशक्ति पनि समयमै घटनास्थलमा परिचालन भए । प्रतिकूल मौसमले आगो निभाउन धेरै समय लाग्यो ।”

बस्तीमा आगो दन्किरहँदा मण्डल बलिन्द्र आँसु झार्दै बस्तीबाट ससाना लालाबाला, सरसामान, पशुचौपाया र अन्य वस्तु जोगाउन अपिल गरिरहनुभएको थियो । निकै द्रवित र हतास हुनुभएका मण्डलको त्यसताकाको भिडियो पनि सार्वजनिक भएको थियो । भिडियोमा देखिएजस्तो नागरिकको पीडा र क्षतिले भावविह्वल हुँदा पनि आफू हतास भने नभएको उहाँको भनाइ छ ।

**राहत र पुनःस्थापना**

विपद् नै अप्रत्यासित हुन्छ । सुख्खा र गर्मीयाम भएकाले अहिले देशभर नै आगलागीका अप्रत्यासित घटना दिनदिनै बढिरहेका छन् । हामीले आगलागी घटना पनि त्यस्तै अप्रत्यासित थियो । त्यसैले घटनाबारे दुःखमनाउ गर्नुभन्दा अरु ठाउँमा यस्तै घटना हुन नदिन विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी आवश्यक छ भने मटिहानीमा भने पुनर्स्थापना, पुनलभि र पुनर्निर्माणका क्रियाकलापमा गति दिनुपर्ने आवश्यकता छ । यो चरणमा मटिहानी नगरपालिका एक्लैको प्रयास पर्याप्त हुँदैन, छैन । नगरप्रमुख मण्डल पनि उद्धार र राहतका लागि अभूतपूर्व सहयोग जुटेको र अब खरानी टक्टक्याएर मटिहानीलाई माथि उठाउनका लागि थप सहयोग आवश्यक रहेको बताउनुहुन्छ ।

“मटिहानीका लागि यो ठूलो विपद्को समय हो तर यो समस्यामा हामी एक्लै छैनौँ । यो देशकै पीडा भएकाले सबै हामीसँग अभिन्न् भन्ने आशा छ । त्यसैले प्रभावित परिवारका लागि तत्काल आवश्यक पर्ने राहत सामग्री उपलब्ध भइरहेका छन् । विभिन्न सङ्घसंस्था, जिल्लास्थित सुरक्षा निकाय, उपकारी व्यक्तिहरुको उदात्त सहयोगले धेरै कुरा जुट्यो”, मण्डलले भन्नुभयो । अहिले प्रभावित बस्तीका सबैजसो परिवारमा एक महिनासम्म पुग्ने तयारी खानेकुरा, खाद्यान्न (दाल, चामलसहितका भान्साका सामग्री), लुगा र अत्यावश्यक भाँडाकुँडा प्राप्त भएको उहाँले जानकारी दिनुभयो ।

विपद्का बेला सहयोग र सद्भाव राख्नेहरु मटिहानीबासीको सम्झनामा सधैँ रहने भन्दै मण्डल अब सुरक्षित बासका लागि पनि सबैबाट उत्तिकै सहयोग पाउने आशा व्यक्त गर्नुहुन्छ । हालसम्म जुटेको सहयोगबाट पीडित परिवारलाई खान र आङ ढाक्न सक्ने अवस्था बने पनि बासको प्रबन्ध नहुँदा खुला आकाशमुनि बस्नुपर्ने बाध्यता रहेकाले त्यो पनि चाँडै हट्ने उहाँको विश्वास छ । “प्रचण्डगर्मी छ । साना बालबालिका बाबुआमा र अभिभावकका काखमा निदाए पनि घरका बुढापाकाले अझै राम्री सुत्न पाएका छैनन् । अब प्रभावित परिवारलाई घामपानीको ओत दिनुपर्ने छ । नगरपालिकाको यो तयारीमा सबैको सहयोग रहने विश्वास छ”, उहाँ आशावादी हुनुहुन्छ ।

पुनर्स्थापना र पुनर्निर्माणका लागि प्रदेश, केन्द्र सरकार र अन्य निकायसँग पनि निरन्तर छलफल तथा समन्वय भइरहेको नगरपालिकाले जनाएको छ । केही दिनअघि मधेश प्रदेशका मुख्यमन्त्रीको स्थलगत निरीक्षण र केन्द्र सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको टोलीले अवलोकनपश्चात् आफूमा पनि केही हिम्मत बढेको नगरप्रमुख मण्डलको कथन छ ।

“बच्चाहरुले बनाउने खरानीका घर होइन पहिलेजस्तै स्थायी घर बनाउन तीनै तहका सरकार र अन्य व्यक्ति तथा दातृ निकायसँग पनि कुरा भइरहेको छ । एक सयभन्दा बढी परिवारको व्यवस्थापन गर्नुपर्ने भएकाले केही समय त लागिहाल्छ तर पनि हामी फेरि उठ्ने छौँ र नगर निर्माणका अरु काममा जुट्ने छौँ,” मण्डलले मलिन मुहार उज्यालो बनाउँदै भनुभयो । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्माले तत्कालका लागि आवश्यक राहत र अस्थायी बास निर्माणका लागि त्रिपालगायत सामग्री प्राप्त हुनेक्रम बढ्दै गएको बताउनुभयो । अब पुनर्स्थापना र पुनर्निर्माणको मुद्दामा केन्द्रीत हुन नगरले योजना बनाइरहेको शर्माले बताउनुभयो ।

“तत्कालका लागि हाम्रो नगरपालिकाले अत्यावश्यक खाद्यसामाग्री र रु पाँच हजार, काठमाडौँ महानगरपालिकाले एकमुष्ठ रु १० लाख र जिल्ला विपद् व्यवस्थापन समिति महोत्तरीले प्रतिपरिवार रु २० हजार राहत दिने र अरु स्थानीय तहले पनि हाम्रो पीडामा सहयोग गरी मल्हम लगाउने काम गरिरहनुभएको छ”, शर्माको भनाइ छ, “अब पुनर्स्थापना र पुनर्निर्माणको अभियानमा पनि यस्तै सहयोग हुने अपेक्षा छ किनकि यो नगरपालिकाको क्षमताभन्दा बाहिरको कुरा हो । तीन तहका सरकार र अन्य व्यक्ति तथा संस्थाको सहयोगसहित यो अभियानमा पनि चाँडै विजयी हुनेछौँ ।”

करिब रु. १५ करोडभन्दा बढीको क्षति भएको जरलहवाबस्तीबाहेक मटिहानीमा वैशाखयता तीनवटा आगलागीका घटना भइसकेका छन् । जरलहवाबस्ती अघि एक फर्निचर उद्योगमा भएको आगलागीमा करिब रु ३५ लाख बराबर र गत बिहीबार मटिहानी–९ को एक इलेक्ट्रोनिक्स पसलमा आगलागी हुँदा रु तीन लाखभन्दा बढीको क्षति भएको छ ।

हरेक वर्ष गर्मीयाममा हुने यस्ता घटना अप्रत्यासित रुपमा भइरहेकै छन् । मटिहानी जरलहवा आगलागीको घटनापछि नगरपालिकाले आफ्नो क्षेत्रका बस्ती र टोलमा आगो व्यवस्थापनबारे सचेतना कार्यक्रम सञ्चालन गरिएको जनाएको छ ।

“हामीले घरघरमा खाना पकाएपछि आगो राम्री निभाउन, बिडी–चुरोटका ठुटा ननिभाई नफाल्न, प्रज्ज्वलनशील वस्तु (सलाई, लाइटर आदि) साना नानीबाबुले नभेट्ने ठाउँमा राख्न र आगो बाल्नुपूर्व मौसमको अवस्था ख्याल गर्न सचेतना अभिवृद्धि अभियान पनि सञ्चालन गरिरहेका छौँ” प्रमुख प्रशासकीय अधिकृत शर्माले भन्नुभयो ।

बर्सेनि छिटफुट आगलागीका घटना व्यहोरे पनि जरलहवाबस्तीको घटनापछि महोत्तरीमात्रै होइन सिङ्गो मधेशलाई नै झस्काएको छ । जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवम् महोत्तरीका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले एउटा बस्ती छिनभरमा खरानीमा परिणत भएको घटनाले विपद् व्यवस्थापनको पूर्वतयारीका विषयमा आफूहरुलाई निकै चिन्तित बनाएको बताउनुभयो । “स्थानीयस्तरमा भएका विपद् व्यवस्थापन समिति थप सक्रिय हुने र सबै पालिकामा बारुणयन्त्र भइदिएको भए यति ठूलो क्षति हुनबाट रोक्न सकिन्थ्यो होला । अबचाहिँ सबै पालिकालाई सचेत बनाउने, स्थानीय नागरिकलाई सचेत र जागरुक बनाउने कार्यक्रम पनि सँगसँगै अगाडि बढाउनुपर्छ”, गेलालले भन्नुभयो ।

मटिहानीका आगलागीपीडितलाई दिगो व्यवस्थापन र पुनर्निर्माणका काम अगाडि बढाउन हाल सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा समिति बनाएर अध्ययनको काम भइरहेको र समितिको प्रतिवेदन आएपछि बाँकी काम अगाडि बढाइने प्रमुख जिल्ला अधिकारी गेलालको भनाइ छ ।

“घटनापछि तत्काल राहत र उद्धारका काम भएका छन् । अब पुनर्निर्माणका काममा जुट्नुपर्ने आवश्यकता छ । हाल बसिरहेको बस्ती गुठीको जग्गामा रहेकाले केही कठिनाइ छन् ।

पीडितहरुसँग अरु ठाउँमा जग्गा छ कि छैन, छ भने भएको ठाउँमा व्यवस्थापन गर्ने र नभए गुठीसँग मिलेर समस्या समाधान गर्नुपर्ने छ । त्यसमा नगरपालिका र समितिले मिलेर काम गर्नेछ”, उहाँले भन्नुभयो ।

मटिहानी–६ का वडाध्यक्ष कलिम अन्सारी तीनै तहका सरकार र परोपकारी व्यक्ति तथा संस्थाहरुका सहयोगले आफ्नो बस्ती फेरि बौरिने र फेरि हाँसो फर्किने आशामा हुनुहुन्छ । “अहिले बस्तीका बालबालिकाले खरानीका घर बनाएका दृश्य देखेर मन छियाछिया हुन्छ, गहभरी आँसु हुन्छ । अब चाँडै स्थायी घर बनाएर यो बस्तीमा हाँसो छाउने छ । सबैको सहयोगले बन्ने त्यस्ता घरमा बालबालिकाले सुन्दर भविष्यको खाका कोर्ने छन्”, वडाध्यक्ष अन्सारीले सम्हालिँदै भनुभयो ।रासस

बस्तीमा आगो दन्किरहँदा मण्डल बलिन्द्र आँसु झार्दै बस्तीबाट ससाना लालाबाला, सरसामान, पशुचौपाया र अन्य वस्तु जोगाउन अपिल गरिरहनुभएको थियो । निकै द्रवित र हतास हुनुभएका मण्डलको त्यसताकाको भिडियो पनि सार्वजनिक भएको थियो । भिडियोमा देखिएजस्तो नागरिकको पीडा र क्षतिले भावविह्वल हुँदा पनि आफू हतास भने नभएको उहाँको भनाइ छ ।

# जोखिम नमोली परिणाम प्राप्त हुँदैनः अर्थमन्त्री पुन

**काठमाण्डु ।** अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्षको बजेटलाई वस्तुनिष्ठ र समयसापेक्ष बनाउनका लागि पूर्वप्रशासक र अर्थ क्षेत्रका जानकारहरूको सहयोग जरुरी रहेको बताउनुभएको छ ।मन्त्री पुनले पूर्वअर्थसचिव, नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षसँग बजेटका सन्दर्भमा सुझाव लिनुभएको उहाँको सचिवालयले जनाएको छ ।

छलफलका सहभागीले यथार्थपरक र कार्यान्वयन हुनसक्ने बजेट ल्याउन सुझाए । पुँजीगत खर्च बढाउनुपर्ने र साधारण खर्च घटाउन, आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धनको नीति अख्तियार गर्न सुझाव दिनुभएको थियो । यस्तै प्रदेश र स्थानीय तहको क्षेत्रमा पर्ने साना आयोजनामा बजेट विनियोजन नगर्न, सहकारी समस्या समाधान गर्न, बजेट खर्च गर्ने निकायको संरचनागत सुधार गर्नुपर्ने उहाँहरुको कथन थियो ।त्यस्तै सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी सङ्घीयता कार्यान्वयनलाई प्रभावकारी बनाउन, चालु ठूला आयोजनाका काम सम्पन्न गर्न, वैदेशिक सहायता वृद्धि गर्न, तथा कर्मचारी संयन्त्रको मनोबल उकासन सुझाव दिनुभयो ।

छलफलमा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षहरु डा पुष्पराज कँडेल, डा दिनेशचन्द्र देवकोटा, दीपेन्द्रबहादुर क्षेत्री, नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रपुरुष ढकाल, पूर्वमुख्यसचिव विमल कोइराला, पूर्वअर्थसचिवहरू कृष्णहरि बाँस्कोटा, सुमन शर्मा, शङ्कर अधिकारी, राजन खनाल, रामशरण पुडासैनीलगायत सहभागी हुनुहुन्थ्यो।पूर्वप्रशासक र विज्ञको सुझाव लिएपछि अर्थमन्त्री पुनले आर्थिक शिथिलताबाट मुलुकलाई कसरी माथि उठाउने भन्नेबारे सरकार, राजनीतिक दल, निजी क्षेत्र, प्रशासन संयन्त्र र अर्थ क्षेत्रका विज्ञहरु क्रियाशील र चिन्तित भएको रहेको बताउनुभयो ।

“आर्थिक शिथिलताबाट मुलुकलाई कसरी माथि उठाउने भन्ने विषयमा सिङ्गो देश नै एक ढिक्का छ र चिन्तित पनि छ । यो धेरै सकारात्मक कुरा हो”, मन्त्री पुनले भनुभयो । उहाँले गत वर्षको तुलनामा अर्थतन्त्रका धेरै सूचकमा सुधार देखिए पनि केही क्षेत्रमा अझै सुधारको खाँचो रहेको बताउनुभयो ।उहाँले सरकारको वित्तीय नीति र राष्ट्र बैंकले जारी गर्ने मौद्रिक नीतिमा तालमेल मिलाएर काम गर्नुपर्ने उल्लेख गर्नुभयो । अर्थतन्त्रमा सङ्कट हुँदा गरिएका कडाइहरुमा विस्तारै खुकुलो जानुपर्ने भन्दै मन्त्री पुनले त्यसबारे राष्ट्र बैंकसँग छलफल भइरहेको जानकारी दिनुभयो ।

निजी क्षेत्र र प्रशासन संयन्त्रको कमजोर मनोबल उठाउन गरी सरकार अघि बढेको उहाँको भनाइ थियो । “निजी क्षेत्र र प्रशासन संयन्त्रको मनोबल कमजोर छ”, उहाँले भनुभयो, “राजनीतिक नेतृत्वले मुलुकको विकासमा गति पैदा गर्न जोखिम मोल्नुपर्ने अवस्था आएको छ ।”मन्त्री पुनले काम गर्नेले सबैतिर जवाफ दिनुपर्ने र कामै नगर्नेहरु लोकप्रिय हुने अवस्था आउनु चिन्ताजनक भएको बताउनुभयो । काम गर्दा असल नियत राखेको होला वा विवेक प्रयोग गरेको होला भन्नेबारे भन्दा फट्याइँ गरेको होला भन्ने कोणबाट सोच्ने प्रवृत्ति समाजमा संस्थागत हुन खोजेको उहाँले स्पष्ट पार्नुभयो ।

“कसैले न कसैले आँट नगरी यही अवस्थामा देशको विकासले गति लिन सक्दैन ।

राजनीतिक वा प्रशासनिक नेतृत्वमा बस्नेहरु जसले काम गर्दैन त्यो ठीक र लोकप्रिय, जसले काम गर्यो त्यसले जवाफ दिनुपर्ने जस्तो सोच समाजमा हावी हुन थालेको छ”, उहाँले भनुभयो, “काम गर्दा मानिसले विवेक प्रयोग गर्छ, असल नियतले गर्छ भन्ने पनि सोच्नुपर्छ । सबैतिर अविश्वासको वातावरण छ।








**श्री रामजानकी सुडी कुटी जनकपुरधाम ७ को नव निर्मित अतिथी भवन एवं विवाह मण्डपको उद्घाटन कार्यक्रम एं १५ पन्द्रऔं साधारण सभाको बन्द शत्र संचालन सम्बन्धी सूचना**

(सुंडी समाजद्वारा संचालित) श्री रामजानकी सुडी कुटी जनकपुरधाम ७ को लतराहा कुटी परिसरमा निर्माण भएको अतिथी भवन एवं विवाह मण्डपको उद्घाटन संस्थाको प्रमुख संरक्षक श्री बलराम महतो ज्यूबाट हुने कार्यक्रममा एवं १५ पन्द्रऔं साधारण सभाको बन्द सत्र मिति २०७९/०४/१४ गते गणपुरक संख्या नपुगेकोले स्थगित भएको बन्द शत्र यस संस्थाको विधान २०५४ को २१.२ अनुसार प्रथम सूचना मिति २०८१/०२/०५ गते बिहान ८:०० बजे देखि यस संस्थाको लतराहा कुटी परिसरमा हुने भएकोले सम्पूर्ण संरक्षक सदस्य, आजिवन सदस्य र साधारण सदस्यहरुलाई यसै सूचनालाई निमन्त्रणा मानि नव निर्मित भवनको उद्घाटन कार्यक्रम एवं बन्द शत्रको सभामा सहभागी हुनको लागि विनम्र अनुरोधको साथ आमन्त्रण गरिएको छ ।

नव निर्मित अतिथी भवन एवं विवाह मण्डपको संचालन व्यवस्थापनको लागि आर्थिक सहयोग सम्बन्धमा कार्य समितिको निर्णय अनुसार न्यूनतम रु. ११०००|- वा सो भन्दा माथि (नगदी/जिन्सी) सहयोग गर्ने स्वजाती दाताहरुको नामावली भवनको शिलालेखमा उल्लेख गर्ने भएकोले मिति २०८१/०१/२३ गते देखि मिति २०८१/०१/३० गते सम्म बिहान ७:०० बजे देखि १०:०० बजे समय भित्र समितिको कार्यालयमा आर्थिक सहयोग गर्न गराउनको लागि ईच्छुक स्वजाती बन्धुहरुमा जानकारीको लागि अनुरोध गरिन्छ ।

रत्न कुमार पुर्वे
अध्यक्ष



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### इन्टरनेट बन्द नहोस्

विदेशबाट ब्यान्डविथ आयात गर्दा तिर्नुपर्ने शुल्क तिर्न सरकारले भाँजो हालेपछि नेपालमा इन्टरनेट सेवा कुनै पनि समय बन्द हुन सक्ने चेतावनी इन्टरनेट सेवाप्रदायक संघ नेपाल (आईस्पान)ले दिएको छ। ब्यान्डविथको शुल्क तिर्न सेवा प्रदायकलाई सटही सुविधा दिन सरकारले सिफारिस नगरेपछि लामो समयदेखि भुक्तानी रोकिएको छ। सरकारले भने इन्टरनेट सेवा प्रदायकहरूले तिर्नुपर्ने कर भुक्तान नगरेकाले सिफारिस नदिएको दाबी गरेको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका अनुसार भने सेवा प्रदायकहरूले ग्रामीण दूरसञ्चार विकास कोष (आरटीडीएफ) र रोयल्टी नतिरेकाले विदेशमा भुक्तानी गर्नुपर्ने रकमका लागि नेपाल राष्ट्र बैंकलाई सिफारिस गर्न रोकिएको छ। तिर्नै नपर्ने कर तिर्न सरकारले दबाब दिएको जिकिर सेवा प्रदायकहरूले गरेका छन्। अर्थात्, प्रचलित कानुनले त्यो कर तिर्नुपर्ने हो वा होइन भन्नेमा दुई पक्षका बीचमा विवाद देखियो। यस्ता विवादको विधिपूर्वक बेलैमा निराकरण गर्ने मूल दायित्व भने सरकारकै हो। अर्कातिर नेपाल सरकार र नेपाली सेवा प्रदायक व्यवसायी बीचको विवादमा अर्को पक्षले पाउनुपर्ने रकम भुक्तानी रोक्नु यसै पनि न्यायसम्मत र विवेकपूर्ण हुँदैन। यसैले व्यवसायीको लोभ वा सरकारी अधिकारीको स्वार्थ एवं सनकका कारण 'अत्यावश्यक सेवा' बनिसकेको इन्टरनेट अवरुद्ध भए त्यो दुर्भाग्य हुनेछ। ब्यान्डविथ खरिद गरेबापतको रकम भुक्तान नभएमा सेवा रोकिन सक्छ। इन्टरनेट सेवा एक दिनमात्रै पनि रोकियो भने त्यसबाट व्यवसायीलाई मात्र होइन राष्ट्रिय अर्थतन्त्रमा नै ठूलै नोक्सानी हुन्छ। यसैले राष्ट्र बैंकलाई सिफारिस नगर्ने अड्को नथापीकन सरकारले पारस्परिक समझदारीमा समस्या समाधान गरोस्। बिहीबार मात्रै इन्टरनेट कम्पनीहरुको सेवा सुस्त भएपछि ठूलो समस्या भएको थियो। नेपाल टेलिकम बाहेक निजी कम्पनीहरुको इन्टरनेट सेवा सुस्त भएको थियो। जसले समान्य काम गर्न पनि कठिनाइ भएको थियो। यस कठिनाइका कारण धेरै कामहरु लथालिंग बनेको थियो। सरकारले यस तिर ध्यान दिनुपर्छ। सरकारले छिटो भन्दा छिटो समस्या समाधान तिर लाग्नु पर्छ।

# सूचना प्रविधि क्षेत्रका प्रगति र चुनौती



सन्तोष सिग्देल

नेपाल सरकारले हरेक वर्ष मे २ लाई राष्ट्रिय सूचना सञ्चार प्रविधि दिवसका रूपमा मनाउँदै आइरहेको छ। यसवर्ष राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसको सातौँ संस्करण 'समृद्ध नेपालको आधारः सूचना प्रविधि र सञ्चार' भन्ने नाराका साथ मनाइदैँछ। सूचना तथा सञ्चार प्रविधिलाई विश्वव्यापी रूपमा नै सामाजिक-आर्थिक विकासको प्रमुख आधार र उत्प्रेरकको रूपमा लिइएको छ। इन्टरनेटको विश्वव्यापी सञ्जाल र बढ्दो पहुँच, आर्टीफिसियल इन्टेलिजेन्सलगायतका नवीनतम् प्रविधिको तीव्र विकास, सार्वजनिक सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको क्रमिक रूपमा व्यापक प्रयोग आदिले पनि यस क्षेत्रको महत्त्व दर्साउँछ। नेपालमा पनि सूचना तथा सञ्चार प्रविधिको महत्वलाई आत्मसात् गर्दै सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति, २०५९ सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ अवलम्बन गरिएको छ।

यसै क्रममा नीतिगत व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने मनसायका साथ सन् २०१९ मा नेपाल सरकारले 'डिजिटल नेपाल फ्रेमवर्क'मार्फत आठ क्षेत्र ८० डिजिटल कार्यक्रम अवलम्बन गर्दै सामाजिक तथा आर्थिक विकासलाई सूचना तथा सञ्चार प्रविधिमार्फत थप गतिशील बनाउने उद्देश्य लिएको छ। यसरी पहिचान गरिएका आठ क्षेत्रमा डिजिटल पूर्वाधार, कृषि, स्वास्थ्य, शिक्षा, ऊर्जा, पर्यटन, वित्त क्षेत्र तथा सहरी पूर्वाधार छन् भने यी क्षेत्रको विकासका लागि ८० विभिन्न कार्यक्रमसमेत पहिचान गरिएका छन्। डिजिटल नेपाल फ्रेमवर्कका अतिरिक्त नेपाल सरकारले सूचना तथा सञ्चार प्रविधि क्षेत्रलाई आफ्नो आवधिक तथा वार्षिक नीति तथा कार्यक्रममा समेत प्राथमिकतामा राख्न थालेको छ। तथापि, सूचना तथा सञ्चार प्रविधिलाई नेपालको समृद्धिकै आधार बनाउनका लागि केही आधारभूत विषयहरूमा विशेष ध्यान दिन र कार्यान्वयनमा लैजान जरुरी छ। यहाँ सूचना तथा सञ्चार प्रविधि नेपालको समृद्धिको आधार बनाउन सकिने सम्भावनाका सकारात्मक पाटाहरू के छन् र यस सम्भावनालाई वास्तविकता बनाउन ध्यान दिनुपर्ने केही मुख्य पक्षहरूका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ।

**डिजिटल अधिकार र सूचना प्रविधिमा पहुच**

सूचना तथा सञ्चार प्रविधिलाई समृद्ध नेपालको आधार बनाउनका लागि यसलाई अधिकारमुखी दृष्टिकोणबाट हेरिनु पर्दछ। डिजिटल अधिकारको आधारभूत पक्ष भनेको सूचना प्रविधिमा भरपर्दो पहुँच हो। केही सरकारी वा नियमनकारी निकायको तथ्याङ्कका आधारमा नेपालमा इन्टरनेटको पहुँच लगभग शत प्रतिशत पुग्न लागेको भन्ने दाबी गरिन्छ। तर नेपालको पछिल्लो जनगणनाअनुसार मात्र ३७.८ प्रतिशत घरधुरी मात्र इन्टरनेटको पहुँचमा रहेको देखाउँछ, जसअनुसार ६२ प्रतिशत घरधुरी अझै पनि इन्टरनेटको पहुँच बाहिर रहेका छन्। नेपाली जनसंख्याको ठूलो हिस्सा, विशेषगरी ग्रामीण र सीमान्तकृत समुदायहरूमा, इन्टरनेट र विद्युतीय सेवाहरूको पहुँच बाहिरको अवस्थाले डिजिटल विभाजनलाई बढवा दिएको छ। डिजिटल क्षेत्रमा हुने यस प्रकारको विभाजन र असमानताले व्यक्तिगत अवसरहरूमा बाधा पुऱ्याउने मात्र होइन, सामाजिक-आर्थिक विभाजनलाई पनि थप फराकिलो बनाउँछ। साथै, हाल उपलब्ध तथ्याङ्कले सहरी तथा ग्रामीण क्षेत्र तथा जिल्ला, प्रदेश, भौगोलिक क्षेत्रको आधारमा इन्टरनेट पहुँचको अवस्था कस्तो छ भन्ने देखिए पनि सामाजिक रूपमा जात जाति, लिङ्ग, उमेर समूह तथा सीमान्तकृत र पिछडिएको समुदायमा इन्टरनेटको पहुँच के कति रहेको छ भन्ने तथ्याङ्क उपलब्ध छैन। साथै, नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार नेपालमा उपलब्ध इन्टरनेट पहुँच मुख्यतः (९५ प्रतिशत) मोबाइल ब्रोडब्याण्ड हो भने फिक्स्ड वा तारमा आधारित (वायर्ड) इन्टरनेटमा पाँच प्रतिशतभन्दा कम प्रयोगकर्ताको पहुँच रहेको छ। आइसिटीलाई समृद्धिको आधार बनाउनका लागि इन्टरनेट पूर्वाधारलाई सुदृढ बनाउनुको विकल्प छैन। त्यसैले नेपालले इन्टरनेटमा ज्यादाभन्दा ज्यादा नेपालीको पहुँच पुऱ्याउने र फिक्स्ड वा तारमा आधारित इन्टरनेट घरघरमा पुऱ्याउने काम तत्काल गर्नुपर्छ।

इन्टरनेटमा पहुँचको अर्को महत्त्वपूर्ण पक्ष इन्टरनेटमा प्रयोग हुने भाषा हो। इन्टरनेटमा उपलब्ध अधिकतम सामग्रीहरू गैरनेपाली भाषामा उपलब्ध हुने कारणले पनि इन्टरनेटमा नेपालीको पहुँच सीमित रहेको छ। इन्टरनेटमा विद्यमान रहेका असमानता सामाजिक-आर्थिक कारकहरू, परम्परागत सामाजिक मानदण्डहरूको कारण कायम रहँदा यसको प्रत्यक्ष प्रभाव इन्टरनेटको पहुँच र डिजिटल अधिकारमा प्रभाव पर्दछ। तसर्थ, सूचना प्रविधिलाई समृद्धिका आधार बनाउन सकेसम्म धेरै नेपालीलाई इन्टरनेटमा जोड्नुपर्दछ र त्यसका लागि उनीहरूले सहज रूपमा प्रयोग गर्न सक्ने नेपाली वा अन्य राष्ट्रिय भाषामा इन्टरनेट सामग्री वा सार्वजनिक सेवा आदि उपलब्ध हुनुपर्छ। सरकारले नीति, नियम तथा कार्यक्रम बनाउँदा सकेसम्म अधिकतम नेपालीले सूचना तथा सञ्चार प्रविधिको प्रयोग र उपयोग कसरी गर्न सक्नेछन् त भन्नेतर्फ ध्यान पुर्याउनु पर्दछ।

> नेपालले राष्ट्रिय सुरक्षाको एक भागका रूपमा रहेको साइवर सुरक्षाको विषयलाई गम्भीरतापूर्वक लिई आवश्यक पूर्वाधार, नीति नियम, संरचना, क्षमता विस्तार, आवधिक सुरक्षा परीक्षण आदि अवलम्बन गरी डिजिटल प्रणालीको सुरक्षा विश्वसनीयता कायम गर्नु पनि अपरिहार्य छ । यी प्रयासहरूलाई प्राथमिकता दिँदै नेपालले आफ्ना सबै नागरिकका लागि समतामूलक डिजिटल सशक्तीकरणको मार्गप्रशस्त गरेमा सूचना प्रविधि र सञ्चारलाई समृद्ध नेपालको आधार बन्न सक्छ ।

**ई-गभर्नेन्सका चुनौतीहरू**

सञ्चार र सूचना प्रविधिलाई समृद्धिको आधार बनाउन यसलाई सार्वजनिक सेवा प्रवाहसँग जोड्नुपर्ने हुन्छ जसलाई वृहत रूपमा ई-गवर्नेन्सका रूपमा परिभाषित गरिएको छ। राज्यले आफुले प्रदान गर्ने सार्वजनिक सेवा, सुविधालाई डिजिटाइजेसन, डिजिटलाइजेसन तथा डिजिटल रूपान्तरणमार्फत ई-गभर्नेन्स प्रभावकारी बनाउन सक्दछ। नेपाल सरकारले ई-गभर्नेन्सलाई प्राथमिकताको विषयमा राखेको भए तापनि त्यसका लागि आवश्यक पूर्वाधार तथा कानुनी व्यवस्था अवलम्बनमा ढिलाइ भइरहेको छ।

मन्त्रिपरिषद्ले सैद्धान्तिक सहमति दिइसकेको ई-गभर्नेन्ससम्बन्धी कानुनको मस्यौदा विधेयक समेत बन्न सकेको छैन भने सरकारले गठन गरेको विद्युतीय सुशासन आयोगले अपेक्षितरूपमा कार्य गर्न सकेको छैन। ई-गभर्नेन्स प्रणालीको आधारभूत पूर्वाधारका रूपमा रहेको राष्ट्रिय परिचयपत्रका सम्बन्धमा देखिएका नीतिगत तथा कानुनी अस्पष्टता, यसको अवलम्बनमा भएको ढिलाइ, परिचयपत्रलाई अन्य सार्वजनिक सेवा प्रवाहमा जोड्नमा देखिएको असक्षमता आदीले यसको आवश्यकतामै प्रश्न समेत उठ्ने गरेको छ। त्यस्तै विद्युतीय सेवा र सुविधालाई सातै दिन चौबिसै घण्टा परिचालन गरिने भनिएता पनि कार्यालय समयमा विद्युतीय सेवामा समस्या आउनु, मध्यरातमा मात्र कतिपय सार्वजनिक डिजिटल सेवा प्रणालीहरू सञ्चालन गरिनु र समयसमयमा भइरहने प्रविधिक समस्याले ई-गभर्नेन्ससम्बन्धी प्रशासनिक दक्षता र नियतमा नै प्रश्नचिन्ह खडा गरेको छ। आवश्यक पूर्वाधार, नितिगत तथा कानुनी स्पष्टता तथा प्रशासनिक दक्षता बिनै लागु गर्न खोजिएको ई-गभर्नेन्स प्रणालीले खासै खुड्किलो मार्न नसकिरहेको आवस्थामा आगामी दिनमा यसको औचित्य माथिको प्रश्न र जटिलता थप बढ्दै जाने सभावना देखिन्छ।

**सार्वजनिक विश्वास र साइबर सुरक्षा**

सञ्चार र सूचना प्रविधिलाई समृद्धिको आधार बनाउन त्यसलाई आम सर्वसाधारण, निजी क्षेत्र, विदेशी लगानीकर्ता तथा विकास साझेदारले विश्वास गर्नु अति आवश्यक हुन्छ। यस्तो विश्वासको एक आधार सार्वजनिक विद्युतीय प्रणालीको साइबर सुरक्षा हो, जुन निकै महत्वपूर्ण र जटिल विषय रहेको छ। त्यसमा पनि राष्ट्रिय सुरक्षासँग जोडिएको, नागरिकको व्यक्तिगत विवरण र संवेदनशील सूचना सङ्कलन र भण्डारण गर्ने सरकारी वेबसाइट तथा विद्युतीय प्रणाली निकै संवेदनशील र सुरक्षाको दृष्टिले झन् महत्वपूर्ण हुन्छन्।

नेपालमा साइवर सुरक्षाको स्थिति दयनीय रहेको सरकारी प्रतिवेदनहरूले नै औँल्याएका छन्। उदाहरणका लागि, महालेखा परीक्षकको कार्यालयले २०७८ सालमा सूचना प्रविधि लेखा परीक्षण प्रतिवेदन तयार गर्दै राष्ट्रिय सूचना प्रविधि केन्द्रमा तथ्याङ्कको सुरक्षा सम्बन्धमा बहुपक्षीय विश्लेषण र समाधानको उपयुक्त संयन्त्र नहुँदा डाटा सेन्टरका तथ्याङ्कको पाइरेसी, ह्याकिङ, भाइरस, फिसिङ, मालवेयरजस्ता साइबर जोखिम रहने र 'केन्द्रमा रहेको तथ्याङ्क सुरक्षा प्रणाली डाटा सेन्टरको अन्तर्राष्ट्रिय मापदण्डबमोजिम सुरक्षित र भरपर्दो छ भनी आश्वस्त हुने आधार नरहेको' भनी औँल्याएको थियो। तर यस्ता जोखिमलाई समयमै सम्बोधन नगर्दा पछिल्ला दिनमा साइवर साइबर आक्रमणहरू बढ्दै गइरहेका छन् भने सार्वजनिक डिजिटल सेवा प्रवाह थप असुरक्षित र भर पर्न नसकिने हुन थालेको छ। यसलाई सम्बोधन गर्न नेपालले २०८० सालमा लागु गरेको राष्ट्रिय साइबर सुरक्षा नीतिलाई तत्कालै कार्यान्वयनमा ल्याई त्यसमा उल्लेख भएअनुसारका कानुन तथा संरचना निर्माण र आवश्यक क्षमता विकासमा लगानी गर्नु आवश्यक छ।

**अबको बाटो**

सूचना प्रविधि र सञ्चारलाई समृद्ध नेपालको आधार बनाउने परिकल्पना गर्दै गर्दा नेपालले समावेशी रूपमा सबै वर्ग, क्षेत्र, लिङ्ग, भाषा र उमेर समूहका नेपालीलाई डिजिटल विकासमा कसरी जोड्ने, इन्टरनेटको अर्थपूर्ण पहुँच कसरी सुनिश्चित गर्ने, इन्टरनेटलाई स्वास्थ्य, शिक्षा, सार्वजनिक सेवा प्रवाह, आयआर्जन, साना तथा मझौला व्यवसायको प्रवर्द्धन तथा संरक्षणमा कसरी रणनीतिक रूपमा प्रयोग गर्ने भन्ने बारेमा स्पष्टता प्रदर्शन गर्नु महत्वपूर्ण हुनेछ। त्यसै गरी, ई-गभर्नेन्सलाई प्रभावकारी सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्न, खुला सरकार र खुला शासन प्रवर्द्धन गर्न, सार्वजनिक जबाफदेहिता सुनिश्चित गर्न र भ्रष्टाचार नियन्त्रणलगायतका लागि ई-गभर्नेन्सलाई प्राथमिकीकरण गर्न जरुरी छ। त्यसका लागि आवश्यक कानुन तथा संयन्त्रको निर्माण तथा गठन, पूर्वाधार विकास, क्षमता अभिवृद्धिका साथै आम जनतामा सूचना तथा प्रविधि साक्षरता प्रवर्द्धन गर्नु समेत महत्वपूर्ण हुनेछ।

साथै, नेपालले राष्ट्रिय सुरक्षाको एक भागका रूपमा रहेको साइवर सुरक्षाको विषयलाई गम्भीरतापूर्वक लिई आवश्यक पूर्वाधार, नीति नियम, संरचना, क्षमता विस्तार, आवधिक सुरक्षा परीक्षण आदि अवलम्बन गरी डिजिटल प्रणालीको सुरक्षा विश्वसनीयता कायम गर्नु पनि अपरिहार्य छ। यी प्रयासहरूलाई प्राथमिकता दिँदै नेपालले आफ्ना सबै नागरिकका लागि समतामूलक डिजिटल सशक्तीकरणको मार्गप्रशस्त गरेमा सूचना प्रविधि र सञ्चारलाई समृद्ध नेपालको आधार बन्न सक्छ। (लेखक अधिवक्ता एवं डिजिटल राइट्स नेपालका कार्यकारी निर्देशक हुनुहुन्छ)

# सूचना तथा सञ्चार प्रविधि दिवस प्रविधिबाट प्रभावित बन्दै 'सन्देश' निर्माणको प्रक्रिया



धर्मेन्द्र झा

पत्रकारिता र सञ्चार प्रक्रियामा सन्देशको निकै ठूलो महत्व हुन्छ। एक किसिमले भन्ने हो भने सञ्चार जहिल्यै सन्देशको वरिपरि केन्द्रित हुन्छ। सञ्चारको प्रक्रिया गतिशील हुने नै सन्देशका लागि हो भनेर भनियो भने गलत हुने छैन। र, पत्रकारिता सन्देश अभिव्यक्तिको माध्यम हो। तर अहिले यही सन्देश प्रविधिबाट प्रभावित हुने अवस्थाको निर्माण भएको छभन्दा असङ्गत नठहरिएला। रङ्गीन टेलिभिजनको अविष्कारपछिका दिनमा पत्रकारिता र आमसञ्चारका प्रसिद्ध विद्वान मार्शल म्याकलुहानले भन्नुभएको थियो, "मिडियम इज द म्यासेज अर्थात माध्यम नै सन्देश हो।" कालान्तरमा उहाँले आफ्नो धारणाको परिमार्जन गर्नुभएको थियो। सारमा उहाँको सङ्केत थियो-प्रविधिले सञ्चारको मूल प्रक्रियालाई प्रभावित गर्न सक्छ। तर आज कताकता लाग्न सक्छ मार्सल सही हुनुहुन्थ्यो।

आज सञ्चार तथा सूचना प्रविधिको यति विकास भएको छ कि साँच्चै सन्देश निर्माण तथा आदानप्रदान प्रक्रिया यसबाट प्रभावित हुन पुगेको हो कि भन्ने भान हुन्छ। यो त भयो पत्रकारितामाथिको प्रभावको कुरो। तर मानव समाजको सायद यस्तो कुनै क्षेत्र बाँकी छैन, जो सूचना र सञ्चार प्रविधिबाट अछुतो रहेको होस। र, स्वभाविक रुपमा नेपाल र नेपाली समाज पनि यसबाट प्रभावित छ।

नेपालले पछिल्लो दशकमा अनुभूत गर्न सकिने गरी फड्को मारेको क्षेत्र हो सूचना र सञ्चार प्रविधि। हालसम्मको अवस्थाको मूल्याङ्कनको प्रयत्न गर्ने हो भने नेपालमा यस क्षेत्रसँग सम्बन्धित जनशक्तिको ठूलो सर्‍या तयार भइसकेको छ। यसै क्षेत्रको सबलीकरणमा वल पुग्ने गरी नेपालले मे २ का दिन राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसको आयोजना गर्ने गरेको छ।

सरकारी पहलमै आयोजना गरिने यो दिवस मनाउने औपचारिक जिम्मेबारीको निर्वाह सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्ने गरेको छ। विगतमा छ संस्करणमा आयोजना भइसकेको यस पटक यो दिवसको सातौं संस्करण 'समृद्ध नेपालको आधार : सूचना, प्रविधि र सञ्चार' भन्ने नाराका साथ आयोजना गरिँदैछ।

सन्दर्भमा धेरैतर्फबाट निरासाको अनुभव गरिरहिएको अवस्थामा यो एउटा यस्तो क्षेत्र हो, जसले आम नेपालीमा आशाको सञ्चार गर्न सफलता प्राप्त गरेको अनुभव गरिएको छ। यो यस्तो क्षेत्र हो, जसले एकैपटक युवालाई विदेश पलायन हुनबाट रोक्ने, स्वदेशी मुद्रा विदेश जानबाट रोक्दै विदेशी मुद्रा नेपाल भित्र्याउने र बढिरहेको सन्दर्भमा नेपालले यस क्षेत्रमा उचित नीति निर्माण गरी आर्थिक लगानी बढाउन सकेको अवस्थामा भविष्यमा विदेशी आर्जन गर्ने यो महत्वपूर्ण क्षेत्र हुन सक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन। यस क्षेत्रमा विदेशी लगानीसमेत प्राप्त गर्न सकिने कुरा तेस्रो लगानी सम्मेलनमा डाटा सेन्टर स्थापनाका लागि साढे तीन अर्वको परियोजनामा दुईपक्षीय हस्ताक्षर भएबाट पनि स्पष्ट हुन्छ। तेस्रो लगानी सम्मेलनमा हस्ताक्षर भएका योजनामध्ये सम्भवतः सबैभन्दा ठूलो राशिको योजना नै यही हो। यस परियाजनालाई यस क्षेत्रमा विकासका लागि एक महत्वपूर्ण प्रस्थानविन्दु मान्न सकिन्छ।

विश्व सूचना तथा सञ्चार प्रविधिको बजारको प्रभावित छ। सूचना तथा सञ्चार प्रविधिको द्रुततर विकासका कारण समग्रमा पत्रकारिताको स्वरुप नै परिवर्तित हुन पुगेको छ। सन् १४४० को दशकमा जर्मनीमा गुटेनवर्गद्वारा छापाखानाको अविष्कारपछिका दिनमा पत्रकारिताले औपचारिक रुपमा विकास यात्रा प्रारम्भ गरेको हो। त्यस बेलादेखिको समयको मूल्याङ्कन गर्ने हो भने पछिल्लो करिब तीन दशक यस्तो समयावधि हो जुन समयमा पत्रकारिताले अत्यन्तै द्रुतगतिमा विकास गरेको छ।

प्रविधिको विकासले पत्रकारिताको परम्परागत स्वरुपलाई नै विस्थापित गर्नसक्ने खतरा बढेको छ। आजको पत्रकारिता प्रविधिबाट यति बढी प्रभावित भइसक्यो कि आज पत्रकारितामा रोबोट र एआइ

> आज सूचना सम्प्रेषणका लागि पत्रकार नै भइरहनुपर्छ भन्ने मान्यता क्रमशः अस्वीकृत भइरहेको छ । तर जनसामान्यको पहुँचमा पुगेका डिजिटल प्लेटफर्महरुमार्फत सम्प्रेषित सूचनाको आँधीबेहरीले सँगसँगै विश्वसनीयताको सङ्कट निम्त्याएको छ, यसमा दुई मत हुन सक्दैन । यसो हुनुको मूल कारण हो, सम्पादकीय प्रक्रियाको अनुशरणमा समस्या । कहाँसम्म भने व्यावसायिकरुपमा पत्रकारिता गर्नहरुमै पनि सामाजिक सञ्जाल र अनलाइनको प्रयोग गरी सूचना सम्प्रेषण गर्ने सन्दर्भमा समस्या छ ।

नेपाललाई विदेशमा चिनाउनेजस्ता कार्य गरिरहेको छ। यी तीनै सन्दर्भ वर्तमान नेपालका लागि निकै महत्वपूर्ण छन्। तथापि, यस क्षेत्रको विकास र प्रवर्द्धनका दिशामा केही समस्या र चुनौती विद्यमान छन्। आगामी दिनमा तिनको सम्बोधन निश्चय पनि राष्ट्रिय कार्यभार बन्न सक्नुपर्ने कुरामा विमति हुन सक्दैन।

छरिएर रहेको यो क्षेत्रलाई सङ्गठित गर्नु, जनशक्तिको पहिचान र तिनको प्रवर्द्धन, आवश्यक नीतिको निर्माण र कार्यान्वयन, जनशक्तिलाई आवश्यक शिक्षा र प्रशिक्षणजस्ता विषय यस्तै हुन्, जहाँ सरकारलगायत सम्बन्धित निकायको ध्यानाकर्षण हुनु आवश्यक छ। यस क्षेत्रमा अहिलेसम्म जे जति उपलब्धि सूचीबद्ध गर्ने प्रयास गरिएको छ। त्यसमा निजी क्षेत्रको योगदान महत्वपूर्ण छ। तुलनात्मक रुपमा सरकारले थप योगदानको रणनीति निर्माण गर्नु अपेक्षित छ।

विश्वव्यापी रुपमा यस क्षेत्रका विज्ञको माग विश्लेषण गर्ने हो भने दक्ष जनशक्तिको आपूर्ति तथा एप र प्रोगामको निर्माणका क्षेत्रमा नेपालको महत्वपूर्ण उपस्थिति अनुभूत गर्न थालिएको छ। अहिले नेपालले विश्व बजारमा जनशक्ति, एप र प्रोग्राम आपूर्ति गर्न सफलता प्राप्त गरेको छ। यो नेपालको महत्वपूर्ण उपलब्धि हो। भविष्यमा यस कार्यले निरन्तरता पाउनुपर्दछ र सरकारले सक्षम सहजकर्ताको भूमिका निर्वाह गर्नु वाञ्छनीय छ। यो क्षेत्र विश्वमा अहिले यस्तो क्षेत्रका रुपमा विकसित हुँदेछ, जसको आवश्यकता अन्य सबै क्षेत्रमा बोध हुन थालेको छ। यस क्षेत्रको सहभागिताबिना अन्य क्षेत्रले न त आवश्यक गति प्राप्त गर्न सक्ने न त अपेक्षित उपलब्धि नै प्रदान गर्न सक्ने स्थितिको निर्माण भएको छ। कहाँसम्म भने पत्रकारिता क्षेत्र पनि अपवाद छैन।

माथि प्रारम्भमै पनि उल्लेख गरियो, आजको पत्रकारिता एक हदसम्म सञ्चार प्रविधिको विकासबाट (आर्टिफिसियल इन्टेलिजेन्स) को प्रयोग भइरहेको अवस्था छ। स्वभाविक रुपले नेपाल पनि अपवाद छैन। यहाँ पनि पत्रकारितामा प्रविधिको मनग्गे प्रभाव परेको छ। नेपालजस्तो कम विकसित देशमा पनि आधुनिक सञ्चार प्रविधिको प्रयोगविना पत्रकारिता कर्म असम्भव बन्न पुगेको छ। नेपाली पत्रकारिता क्षेत्रमा पनि प्रविधिगत दक्ष जनशक्तिको मागमा निकै वृद्धि हुन पुगेको अनुभव गर्न थालिएको छ।

निश्चय पनि आजको पत्रकारिता प्रविधिबाट निर्देशित हुन बाध्य छ भन्दा अनुचित हुँदैन। विशेषगरी इन्टरनेटको विकास भएपछिका दिनमा सञ्चार र पत्रकारिता क्षेत्रमा प्रविधिको हस्तक्षेप बढेको छ र यसका राम्रा नराम्रा दुवै प्रभाव यस क्षेत्रमा अनुभूत गरिएको छ भन्दा अतिशयोक्ति हुँदैन। इन्टरनेटमा आधारित डिजिटल प्रविधिले पत्रकारिताका माध्यमलाई तीव्र बनाएको छ। प्रभावकारी पनि बनाउने प्रयत्न गरेको छ। आमव्यक्तिमा सूचनाको शीघ्र सम्प्रेषणलाई सहज बनाएको छ। पत्रकारितालाई व्यावसायिक पत्रकारहरुको कित्ताबाट नागरिक पत्रकारिताको कित्तामा पुऱ्याउने काम गरेको छ। प्रविधिको प्रयोगले पत्रकारितालाई यति प्रतिस्पर्धी बनाएको छ कि आजको समयमा पत्रकारले कुनै पनि घटना र स्कूपलाई एकछिन पनि 'होल्ड' गर्न सक्दैन। एकजनाले होल्ड गरेछ भने पनि अर्को पत्रकारले त्यस्ता सूचना तत्काल सम्प्रेषण गर्छ। यसो गर्दा उसले सूचनाको सत्य स्थापित गर्न आवश्यक सम्पादकीय प्रक्रिया (एडिटोरियल प्रोसेस) र 'गेट किपिग' को अवधारणालाई अनुशरणमा समस्या बोध गरेको हुन सक्छ। यसो हो भने यसले निश्चय पनि समाचारमा विश्वसनीयताको सङ्कट निम्त्याएको छ/निम्त्याउँछ।

माथि उल्लेख गरी सकियो, वर्तमानमा व्यावसायिक र नागरिक गरी पत्रकारिता दुई कित्तामा विभाजित छ। यसलाई सम्भव बनाएको छ इन्टरनेटमा आधारित डिजिटल प्रविधिले। इन्टरनेटको विकासपछि न्यू मिडिया (नयाँ मिडिया) निकै सशक्त ढङ्गले उपस्थित भएको छ। यसले सामाजिक सञ्जाल र अनलाइनको प्रयोगलाई जनसामान्यको पहुँचमा ल्याएको छ। आज सूचना सम्प्रेषणका लागि पत्रकार नै भइरहनुपर्छ भन्ने मान्यता क्रमशः अस्वीकृत भइरहेको छ। तर जनसामान्यको पहुँचमा पुगेका डिजिटल प्लेटफर्महरुमार्फत सम्प्रेषित सूचनाको आँधीबेहरीले सँगसँगै विश्वसनीयताको सङ्कट निम्त्याएको छ, यसमा दुई मत हुन सक्दैन। यसो हुनुको मूल कारण हो, सम्पादकीय प्रक्रियाको अनुशरणमा समस्या। कहाँसम्म भने व्यावसायिकरुपमा पत्रकारिता गर्नहरुमै पनि सामाजिक सञ्जाल र अनलाइनको प्रयोग गरी सूचना सम्प्रेषण गर्ने सन्दर्भमा समस्या छ।

कुनै दुई मत छैन, आजको सन्दर्भमा सामाजिक सञ्जाल पत्रकारिताको अत्यन्त ठूलो निर्णायक अङ्गका रुपमा विकसित भएको छ र हुँदैछ। माथिको विश्लेषणबाट पनि पत्रकारितामा प्रविधिको प्रभावबारे बुझ्न सकिन्छ। पत्रकारितामा जहिल्यै पनि सन्देशको निर्माण र आदानप्रदान महत्वपूर्ण मानिन्छ। तर प्रविधिले यसमा नयाँ ढङ्गले बहस निम्त्याएको छ भन्दा असान्दर्भिक ठहरिँदैन। रासस

# ‘सुशासन र समृद्धिको महाअभियानमा सूचना प्रविधि महत्वपूर्ण आधार’

**काठमाण्डु ।** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सूचना प्रविधिका क्षेत्रमा लगानी वृद्धि र यसको प्रयोगलाई सुरक्षित बनाउन आवश्यक नीति, कानुन र पूर्वाधार विकासका काम भइरहेको बताउनुभएको छ। सातौँ राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसका अवसरमा बिहीबार यहाँ आयोजित कार्यक्रममा उहाँले साइबर स्पेसलाई सुरक्षित र व्यवस्थित गर्ने उद्देश्यले पहिलोपटक राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० जारी गरिएको बताउनुभयो।

“त्यसकै आधारमा राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना भएको छ । सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक तर्जुमाको काम भइरहेको छ”, मन्त्री शर्माले भन्नुभयो, “डिजिटल पूर्वाधारको महत्वपूर्ण आधार दूरसञ्चार क्षेत्रलाई समयानुकूल व्यवस्थित गर्न दूरसञ्चार ऐनको पुनरावलोकन गर्ने काम भइरहेको छ ।”उहाँले सुशासन र सामाजिक न्यायसहितको समृद्ध नेपाल निर्माणको महाअभियानमा सूचना प्रविधि महत्वपूर्ण आधार बनेको बताउनुभयो। मन्त्री शर्माले सरकारसँग हातेमालो गर्दै सूचना प्रविधिको विकास र प्रयोगमार्फत समृद्धिको यात्रामा अगाडि बढ्ने अभियानमा साथ सहयोगका लागि आह्वानसमेत गर्नुभयो।

सूचना प्रविधि क्षेत्रमा भएको विकास र विस्तारसँगै नेपालमा पनि यसको प्रयोगमा उल्लेख्य रुपमा बढोत्तरी आएको उल्लेख गर्दै उहाँले विभिन्न सार्वजनिक सेवामा विद्युतीय प्रणालीको उपयोग बढेको जानकारी दिनुभयो । “दैनिक जीवनमा प्रयोग हुने आधारभूत सेवादेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका कार्यहरुमा विद्युतीय प्रणालीको उपयोग बढेको छ”, मन्त्री शर्माले भन्नुभयो, “राष्ट्रिय परिचयपत्र, एमआरपी, सवारी चालक अनुमतिपत्र, नागरिक एप, एकीकृत कार्यालय व्यस्थापन प्रणाली, कम्पनी दर्ता तथा नवीकरण, कर भुक्तानी जस्ता सेवा प्रवाहका कार्य विद्युतीय प्रणालीबाटै गर्ने गरिएको छ।”



**सूचना प्रविधिको प्रयोगका कारण नागरिकले घरैमा बसेर राज्यले प्रदान गरेका सेवाहरु लिन सक्ने अवस्थाको सुरुवात भइसकेको जनाउँदै मन्त्री शर्माले देशका अधिकांश भू-भागमा दूरसञ्चार र अधिकांश वडा केन्द्रमा ब्रोडव्याण्ड इन्टरनेटको पहुँच पुगेको जानकारी दिनुभयो । पछिल्लो समय सूचना प्रविधि आर्थिक समृद्धिका लागि नवीनतम एवं उदीयमान क्षेत्रका रुपमा स्थापित हुँदै गएको छ भन्दै मन्त्री शर्माले भन्नुभयो ।**

उहाँले डिजिटल भुक्तानी प्रणालीको विकास र उपयोगलाई अझै तीव्र र प्रभावकारी बनाउन आधारभूत डिजिटल पूर्वाधारको रुपमा देशभर दूरसञ्चार सेवाको पहुँच विस्तारलाई जोड दिइएको छ । सूचना प्रविधिको प्रयोगका कारण नागरिकले घरैमा बसेर राज्यले प्रदान गरेका सेवाहरु लिन सक्ने अवस्थाको सुरुवात भइसकेको जनाउँदै मन्त्री शर्माले देशका अधिकांश भू-भागमा दूरसञ्चार र अधिकांश वडा केन्द्रमा ब्रोडव्याण्ड इन्टरनेटको पहुँच पुगेको जानकारी दिनुभयो। पछिल्लो समय सूचना प्रविधि आर्थिक समृद्धिका लागि नवीनतम एवं उदीयमान क्षेत्रका रुपमा स्थापित हुँदै गएको छ भन्दै मन्त्री शर्माले भन्नुभयो, “अहिलेसम्म हामीले आर्थिक समृद्धिका आधारको रुपमा कृषि, जलस्रोत र पर्यटनलाई प्रस्तुत गर्दै आएकोमा अब नयाँ र उदीयमान क्षेत्रको रुपमा सूचना प्रविधि थप भएको छ।”

सूचना प्रविधि क्षेत्रको विकासका लागि निजी क्षेत्र निकै उत्साहित भएर आएको उल्लेख गर्दै उहाँले निजी क्षेत्रले सूचना प्रविधि सेवा निर्यातमार्फत बर्सेनि अर्बौं वैदेशिक मुद्रा भित्र्याइरहेको बताउनुभयो । झण्डै एक लाख युवाले देशभित्रै बसेर विभिन्न देशमा सूचना प्रविधि सेवा निर्यात गरिरहेको उहाँको भनाइ छ।

“रोजगारीका लागि लाखौं युवाहरु बिदेशिने आजको अवस्थामामा सूचना प्रविधि क्षेत्रमा दक्ष जनशक्तिले देशभित्रबाटै सेवा निर्यात गरेर बिदेशी मुद्रा आर्जन गर्ने अवस्थाले सूचना प्रविधि क्षेत्रको व्यवस्थित विकास गर्दै यसमा आवश्यक लगानी आकर्षित गर्न सकियो भने यसलाई समृद्धिको ढोका खोल्ने महत्वपूर्ण आधारको रुपमा चाँडै स्थापित गर्ने बलियो संभावना छ”, मन्त्री शर्माले भन्नुभयो।

उहाँले दूरसञ्चार पूर्वाधारको क्षेत्रमा भइरहेको दोहोरो लगानीको अन्त्य गर्न पूर्वाधार सहप्रयोगको नीतिलाई आवश्यक पुनरावलोकन गरी प्रभावकारी कार्यान्वयन गर्नु जरुरी रहेको औँल्याउनुभयो । उहाँले सूचना प्रविधि उद्योग र बढिरहेको आइटीसम्बन्धी सेवा निर्यातलाई व्यवस्थित बनाउनका लागि आइटी हब सञ्चालन गर्नु अनिवार्य भइसकेको बताउनुभयो।

“सूचना प्रविधिसम्बन्धी सेवा निर्यातलाई प्रवर्धन गर्न सूचना प्रविधि उद्योग र स्टार्टअपहरुलाई एकै थलोबाट सञ्चालन गर्ने गरी आवश्यक पूर्वाधार निर्माण गर्न सकियो भने यसबाट देशभित्र र बाहिरका लगानीकर्ताको पूँजी तथा सूचना प्रविधि क्षेत्रका दक्ष जनशक्तिको ज्ञान, सिप र श्रमको एकीकृत परिचालन गर्ने वातावरण बन्नेछ”, मन्त्री शर्माले भन्नुभयो।

सूचना प्रविधिको प्रयोग सुरक्षित बनाउन देशभर डिजिटल साक्षरता एवम् जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, “सूचना प्रविधिको क्षेत्रमा विश्व समुदाय धेरै अगाडि बढेपनि नेपालमा अझै डिजिटल डिभाइड बाँकी नै छ। एकातिर सबै ठाउँका जनताको सूचना प्रविधिमा पहुँच स्थापित गर्नुपर्ने छ भने अर्कोतिर सबै नागरिकले समानरुपमा यसको प्रयोग गर्ने अवस्था पनि सिर्जना गर्नुपर्ने छ। यसका लागि सरकार गम्भीर र प्रतिबद्ध छ।”

कार्यक्रममा प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्बरबहादुर थापाले सूचना प्रविधिले दैनिक जनजीवन निकै सहज बनाउनुका साथै मुलुकको आर्थिक रुपान्तरणमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउनुभयो। “राष्ट्रको उन्नति र प्रगति तथा समृद्धिमा सूचना प्रविधिको प्रयोगलाई व्यापक बनाइनुपर्छ”, उहाँल भन्नुभयो, “सूचना प्रीवधिलाई समृद्धिको आधार बनाउन सरकरकाले ध्यान दिनुपर्छ।”

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालल लगानीका उच्च सम्भावना भएको क्षेत्रका रुपमा सूचना प्रविधिलाई राखिनु निकै महत्वपूर्ण भएको बताउनुभयो।

“सूचना प्रविधिका क्षेत्रमा पूर्वाधार र लगानी अभिवृद्धि गरी सेवा निर्यात गरेर विदेशी मुद्रा भित्र्याउने सम्भावना छ”, उहाँले भन्नुभयो, “यसलाई सरकारले उच्च प्राथमिकतामा राख्नुपर्छ।”

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले कार्यसम्पादन, शिक्षा, स्वास्थ्य तथा अनुसन्धानमा सूचना प्रविधिको प्रयोग अनिवार्य भएको बताउनुभयो।

उहाँले दैनिक जनजीवनमा सूचना प्रविधिको महत्व बढेको उल्लेख गर्दै इन्टरनेट र ‘स्मार्ट फोन’ बिना जीवनको कल्पना गर्न नसकिने बताउनुभयो । सूचना प्रविधि विभागका महानिर्देशक प्रेमशरण श्रेष्ठले सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारमा महत्वपूर्ण योगदान पुर्‍याउने संस्था तथा व्यक्तिलाई दिवसका अवसर पारेर पुरस्कृत गरिँदै आइएको जानकारी दिनुभयो।रासस

# दैनिक पाँच हजार लाइसेन्स छपाइ भइरहेका छन्: उपप्रधानमन्त्री महासेठ



**काठमाण्डु।** सरकारले सवारी चालक अनुमतिपत्र (लाइसेन्स) वितरणलाई चुस्त र प्रभावकारी बनाउनेभएको छ। उपप्रधानमन्त्री एवम् भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठलेले हालको लाइसेन्स वितरण कार्यलाई थप प्रभावकारी बनाउन लागिएको बताउनुभयो।

प्रतिनिधिसभाअन्तर्गतको पूर्वाधार विकास समितिको विहिबारको बैठकमा उहाँले लाइसेन्स वितरणलाई प्रभावकारी बनाउन दैनिक पाँच हजारसम्म लाइसेन्स छपाइ भइरहेका जानकारी दिनुभयो । “अहिले सबैभन्दा ठूलो समस्या लाइसेन्सको छ । विभिन्न कारणले लाइसेन्स छपाइ बन्द थियो। करिब एक महिनादेखि भने दैनिक पाँच हजारसम्म लाइसेन्स छपाइ भइरहेका छन्, यसलाई अझ प्रभावकारी बनाउन निर्देशन दिइएको छ”,उपप्रधानमन्त्री महासेठले भन्नुभयो।

लाइसेन्स वितरणलाई प्रभावकारी बनाउन ग्लोबल बोलपत्र आह्वान गरेर नयाँ प्रविधि थपेर छपाइ र वितरणलाई तीब्रता दिने बताउँदै महासेठले अहिलेकै गतिमा छपाइको काम भए एक वर्षभित्र कामले पूर्णता पाउने बताउनुभयो । त्यसैगरी उहाँले राष्ट्रिय राजमार्गको मर्मत र स्तरोन्नतीको कामलाई परिणाममुखी बनाइने तथा राष्ट्रिय गौरबका आयोजनालाई थप गतिशील बनाउन योजनाबद्ध रूपमा काम अगाडि बढाइएको जानकारी दिनुभयो।

**५० अर्ब भुक्तानी दायित्व**

उपप्रधानमन्त्री महासेठले निर्माण व्यवसायीको झण्डै रु ५० अर्ब भुक्तानी दायित्व बाँकी रहे पनि हाल आन्तरिक रूपमा केही व्यवस्थापन गरेर निर्माणका काम भइरहेका बताउनुभयो । उहाँले आगामी आर्थिक वर्षको बजेटमा निर्वाचन क्षेत्र रणनीतिक सडकलाई विशेष प्राथमिकता दिने, कतिपय सडकलाई यस वर्ष सम्पन्न गर्ने र सम्भव नभए एक सय ६५ सडक अर्को वर्ष प्राथमिकता राखेर अगाडि बढाइन बताउनुभयो।

यस्तै उत्तर-दक्षिण सडक निर्माणको काम चाँडो गर्नेगरी लागिपरेको र कर्णाली र सुदूरपश्चिम प्रदेशको सडक, कर्णाली करिडोर, भेरी करिडोलगायतलाई विशेष प्राथमिकता दिने अगाडि बढाइने उहाँको भनाइ थियो। मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले पनि निर्वाचन क्षेत्र विशेष रणनीतिक सडकलाई प्राथमिकताका साथ अगाडि बढाइने बताउनुभयो । उहाँका अनुसार नेपाल सरकारले स्वीकृत गरेका राष्ट्रिय राजमार्ग ८० वटा छन् । तिनको नियमित मर्मतसम्भारको काम भइरहेको छ। हरेक पाँच वर्षमा सडक ‘ओभरले र रिफिलिङ’ गरिँदैआएको छ । सचिव सिग्देलका अनुसार राष्ट्रिय गौरवका आयोजनाअन्तर्गत पुष्पलाल मध्यपहाडी राजमार्ग, हुलाकी राजमार्ग, उत्तर-दक्षिण राजमार्गको कामलाई पनि नियमित भइरहेको छ। जसमध्ये पुष्पलाल मध्यपहाडी राजमार्गको भौतिक प्रगति ८० प्रतिशत भौतिक प्रगति भएको छ भने आयोजनामा हालसम्म रु ६७ अर्ब खर्च भइसकेको छ। करिब एक हजार आठ सय किलोमिटर सडक निर्माण गर्नुपर्नेछ । यस्तै, हुलकाकी राजमार्ग एक हजार सात सय ९८ किलोमिटर सडक निर्माणकार्य भइरहेको छ । आयोजनाको समग्र भौतिक प्रगति ६५ प्रतिशत रहेको छ। उत्तर-दक्षिण सडक निर्माणको काम विभिन्न समस्याका कारण प्रभावकारी बनाउन नसकिएको सचिव सिग्देलले बताउनुभयो।

समितिका सभापति दीपकबहादुर सिंहले महाकाली करिडोर सडकलाई प्राथमिकताका साथ अगाडि बढाउन भौतिक मन्त्रालयलाई निर्देशन दिनुभयो । बैठकमा सांसदहरुले सडकमर्मत, स्तरोन्नती र गुणस्तरीय निर्माण ध्यान दिन आग्रह गर्नुभयो। साथै उहाँहरुले सडक निर्माणले गति नलिँदा धुँवाधुलोले जनजीवन प्रभावित बनिरहेको भन्दै सरोकारवालाको ध्यानाकर्षण गराउनुभयो।रासस


## बौधीमाई नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सरमुजवा, रौतहट
मधशे प्रदेश, नेपाल

## क्याटलाँग/ब्रोसर सपिंग विधिबाट सवारी (कृषि एम्बुलेन्स) साधन खरिद सम्बन्धी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०१/२१

आ.व.२०८०|०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको सवारी खरदि ऐन २०६३ पहिलो संसोधन २०६३ को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथौ) संसोधन को नियम ३१ (ख) बामेजिम सवारी साधन उत्पादन कम्पनी वा त्यसको आधिकारीक विक्रेताहरु बीच मात्र प्रतिस्प्रधा गराई (क्याटलाँग/ब्रोसर सपिंग) विधिबाट सवारी साधन खरिद गर्नु पर्ने भएकोले तपसिलमा उल्लेख भए बमोजिमको शर्तहरुको अधिनमा रही प्रस्ताव एवं निवेदन दर्ता गर्नु हुन उत्पादक कम्पनी वा त्यसको आधिकारीक विक्रेताहरुको लागि यो सूचना आव्हान गरिएको छ।

**तपसिल :-**

१. इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यको अधिकृत/अधिकारी विक्रेताले आ-आफ्नो फर्म दर्ता, स्थायी लेखा नं. तथा मुल्य अभिवृद्धि कर, दर्ता प्रमाण पत्र Letter of Authorization आ.व.२०७९/०८० को कर चुक्ता प्रमाण पत्र, त्यस्तो सवारी साधन आपूर्ति गरेको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र सहितको कागजातहरुको प्रतिलिपि समावेश गरि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ बमोजिम अनुसारको सवारी साधनको उत्पादकको अधिकारिक स्पेशिफिकेशन गुणस्तर मुल्य र सुविधाहरु सहितको विवरण क्याटगल/ब्रोसर संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन दिनको १२:०० बजे सम्म यस नगरपालिकामा सिलबन्दी आर्थिक तथा प्राविधिक प्रस्ताव दर्ता गराई सक्नु पर्नेछ।
२. दर्ता हुन आएका प्रस्तावहरु सोहि दिन दिनको १२:०० बजे खोलिने छ। दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलि पल्ट अर्थात कार्यालय खुलेको दिन सोहि सयममा दर्ता गर्ने र खोल्ने कार्य हुनेछ।
३. सवारी साधनको स्वीकृत स्पेशिफिकेशन यस कार्यालयबाट निःशुल्क तथा कार्यालयको वेभसाईट www.baudhimaimun.gov.np बाट समेत डाउनलोड गरी प्राप्त गर्न सक्नेछ।

| ठेक्का नं. | सवारी साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| 03/08/081/ Vachle | Single Cab Pick-uo, Two Door Right Hand Drive Model - 1 piece | Petrol/diesel Engine not less than (1200 CC + 1 CC), Maximum rated power output not less than 65 HP at Governed RPM with torque mi. 140 NM@ governded RPM. engine fully equipped with accessories for efficient full load operation of the vechile at operating conditions, cold starting device, heavy duty fuel filter. | सवारी साधन संलग्न प्राविधिक स्पेशिफिकेशन मा भए बमोजिम हुनु पर्नेछ। |

प्रमुख प्रशासकीय अधिकृत



## पिपरा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
पिपरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

## सेवा करारको प्रवेश पत्र वितरण तथा परीक्षा तालिका सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०१/२१)

यस पिपरा गाउँपालिका अन्तर्गत रहेको पिपरा जनता अस्पताल संचालनको लागि आवश्यक पर्ने विभिन्न पदको सेवा करारमा जनशक्ति व्यवस्थापन गर्न मिति २०८०/०४/०३, २०८०/१०/१६ र २०८०/१०/१९ गतेमा राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित विज्ञापन अनुसार रितपूर्वक पेश भएका दरखास्तहरुको प्रवेश पत्र वितरण तथा परीक्षा तालिका तपसिल अनुसार हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

**तपसिल**

१. **प्रवेश पत्र वितरण मिति**:- २०८१ बैशाख २१ गते देखि बैशाख २७ गते सम्म
२. **विज्ञापन रद्द गरिएको पद**: नायव सुब्बा/लेखापाल
३. **अन्तरवार्ता परीक्षा तालिका**

| विज्ञापन नं. | पद | मिति | समय | स्थान |
|---|---|---|---|---|
| २/२०८०/०८१ | स्टाफ नर्स | २०८१/०२/०१ | बिहान १०:०० बजे देखि | पिपरा गाउँपालिकाको कार्यालय |
| १ र ९ / २०८०/ ०८१ | मेडिकल अधिकृत/ मेडिकल जनारलिस्ट (एम.डी.जी.पी./एम.डी. इन्टरनल मेडिसिन) | २०८१/०२/०१ | दिउँसो ०२:०० बजे देखि | पिपरा गाउँपालिकाको कार्यालय |
| ३/२०८०/०८१ | रेडियोग्राफर | २०८१/०२/०२ | बिहान ११:०० बजे देखि | पिपरा गाउँपालिकाको कार्यालय |
| ४/२०८०/०८१ | अप्थाल्मिक सहायक | २०८१/०२/०२ | दिउँसो ०१:०० बजे देखि | पिपरा गाउँपालिकाको कार्यालय |
| ७/२०८०/०८१ | कार्यालय सहयोगी | २०८१/०२/०३ | बिहान ज्ञ१:०० बजे देखि | पिपरा गाउँपालिकाको कार्यालय |
| १०/२०८०/०८१ | इलेक्ट्रिसियन | २०८१/०२/०३ | दिउँसो ०२:०० बजे देखि | पिपरा गाउँपालिकाको कार्यालय |
| ८/२०८०/०८१ | सरसफाईकर्मी | २०८१/०२/०४ | दिउँसो ०१:०० बजे देखि | पिपरा गाउँपालिकाको कार्यालय |
| ६/२०८०/०८१ | एम्बुलेन्स चालक | २०८१/०२/०४ | बिहान ११:०० बजे देखि | पिपरा गाउँपालिकाको कार्यालय |

प्रमुख प्रशासकीय अधिकृत

# इरानको सशस्त्र फौजद्वारा प्रदर्शनमा सहभागी किशोरीको यौन उत्पीडनपछि हत्या

**वीवीसी ।**

इरानमा लागु गरिएको महिलाको पोसाकसम्बन्धी नियमको विरोध प्रदर्शनमा क्रममा १६ वर्षे निका एकाएक गायब भइन् । इरानका सुरक्षा फौजले यौन उत्पीडनपछि ती किशोरीको हत्या गरेको हालै खुलासा भएको दस्ताबेजमा उल्लेख छ। यो दस्ताबेज सुरक्षा फौजले नै लेखेको बुझिएको छ । त्यसकै आधारमा हामीले १६ वर्षे निका शाकारामीमाथि के भयो भन्ने कुरा पत्ता लगाएका छौँ। उनी सन् २०२२ मा भएको सत्ताविरोधी विरोध प्रदर्शनबाट गायब भएकी थिइन् । उनको शव नौ दिनपछि फेला परेको थियो। इरानी सरकारले उनले आत्महत्या गरेको दाबी गरेको थियो।

हामीले उक्त दस्ताबेजमा भएको आरोपबारे इरान सरकार र उसको रेभलूशनरी गार्ड्ससमक्ष प्रश्न राखेका थियौँ। उनीहरूले त्यसको जबाफ दिएका छैनन्।"अति गोप्य" लेखिएको उक्त प्रतिवेदनमा इस्लामिक रेभलूशनरी गार्ड्स कोर (आईआरजीसी)ले निकाको मुद्दामा गरेको सुनुवाइको सारांश प्रस्तुत गरिएको छ। यो सुरक्षा फौजले उक्त मुलुकको इस्लामिक संस्थापनको बचाउ गर्छ। प्रतिवेदनमा उनका हत्याराहरू र त्यो सत्य लुकाउन प्रयत्न गरेका वरिष्ठ कमान्डरहरू भन्दै केही नाम पनि उल्लेख छ।

त्यसमा एउटा गोप्य भ्यानको पछाडि भएको घटनाको विचलित पार्ने किसिमका विवरण छन्। उक्त गाडीमा सुरक्षा फौजले निकालाई नियन्त्रणमा राखेका थिए । एकजना पुरुषले उनीमाथि बस्दै यौन दुर्व्यवहार गरेको थियो।हत्कडी लगाइएको र रोकिएको भए पनि उनले लात्तीले हान्दै र गाली गर्दै त्यसको प्रतिरोध गरेकी थिइन् । हाल आधिकारिक इरानी दस्ताबेजका कैयौँ नक्कली प्रतिहरू सम्प्रेषण भइरहेका छन्। त्यसैले बीबीसीले कैयौँ स्रोतहरूसँग हरेक विवरणको जाँचमा महिनौँ बिताएको छ ।

हाम्रो विस्तृत अनुसन्धानले हामीले प्राप्त गरेको कागजातले ती किशोरीका अन्तिम समयका गतिविधिको विवरण अभिलेख राखेको देखाएको छानिका शाकारामी बेपत्ता भएको र उनको मृत्यु भएको खबर जताततै फैलिएको थियो। अनि उनको तस्बिर इरानमा महिला स्वतन्त्रताको लडाइँको एउटा बिम्ब बनेको थियो। इरानमा सडक सङ्घर्ष बढ्दै गइरहेका बेला सन् २०२२ को शरद् ऋतुमा अनिवार्य हिजाब लगाउनुपर्ने कडा नियमयमाथि आक्रोशित मानिसहरू उनको नाममा नारा लगाउँथे।

मासा अमिनी नामकी एक २२ वर्षे महिलाको मृत्यु हुनु केही दिनअघि मात्र 'द विमिन, लाइफ, फ्रीडम मूभ्मन्ट' नाममा आन्दोलन सुरु भएको थियो। प्रहरी नियन्त्रणमा रहँदा विभिन्न चोटका कारण उनको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घको तथ्य पत्ता लगाउने एक निकायको निष्कर्ष थियो। उनलाई हिजाब सही तरिकाले नलगाएको आरोप लगाइएको थियो । निकाको शवलाई भने उनको परिवारले विरोध प्रदर्शनबाट हराएको एक हप्तापछि एक शवगृहमा फेला पारेको थियो। तर इरानका अधिकारीहरूले निकाको मृत्यु त्यहाँ भएको प्रदर्शनसँग सम्बन्धित नभएको र उनीहरूले आफैँ गरेको अनुसन्धानबाट आत्महत्याका कारण उनको ज्यान गएको पत्ता लागेको बताएका थिए ।

उनी हराउनु ठिक अघि २० सेप्टेम्बरका साँझ लाले पार्कनजिकै उनको भिडिओ खिचिएको थियो र त्यसमा उनले हिजाबमाथि आगो लगाएको देखिएको थियो । उनका वरिपरि रहेका अरूले इरानका सर्वोच्च नेता आयोतोल्लाह अलि खमेनीप्रति सङ्केत गर्दै "निरङ्कुश शासक मुर्दावाद" भनेका थिए । त्यसबेला उनीमाथि निगरानी भइरहेको थियो भन्ने कुरा गोप्य प्रतिवेदनले स्पष्ट पारेको छ। तर उनलाई यो कुरा थाहा थिएन ।

आईआरसीजीका कमान्डर-इन-चीफलाई सम्बोधन गरिएको प्रतिवेदनमा यो रिपोर्ट विरोध प्रदर्शनमा सुरक्षा घेरा दिइरहेको फौजका धेरै सदस्यसँग गरिएको बृहत् कुराकानीमा आधारित रहेको बताइएको छाविभिन्न सुरक्षा एकाइहरूले लुकीलुकी प्रदर्शनको निगरानी गरिरहेको उक्त दस्ताबेजमा लेखिएको छ । त्यस्तै निगरानी राख्नेमध्ये 'टीम १२'ले ती किशोरीको "अरूभन्दा फरक व्यवहार रहेको र मोबाइल फोनमा बारम्बार कुराकानी गरेका कारण नेतृत्वदायी भूमिकामा रहेको " शङ्का गरेको प्रतिवेदनमा लेखिएको छ ।



उक्त टोलीले उसका एक जना कर्मचारीलाई प्रदर्शनकारीका रूपमा भिडमा पठायो र निका प्रदर्शनकारीहरूकी एक नेत्री थिइन् कि भन्ने पत्ता लगाउन कोसिस गर्‍यो। प्रतिवेदनका अनुसार ती भिडमा पठाइएका व्यक्तिले आफ्नो टोलीलाई फोन गरेर निकालाई गिरफ्तार गर्न भने। तर उनी भागिन् । उनकी काकीले बीबीसी पर्सिअनलाई त्यसअघि भनेअनुसार निकाले त्यस रात एक साथीलाई फोन गरेर उनलाई सुरक्षा फौजले पछ्याइरहेको बताएकी थिइन् ।

करिब एक घण्टापछि उनी फेरि देखिएको प्रतिवेदनमा भनिएको छ। त्यसपछि उनलाई गिरफ्तार गरेर सुरक्षा फौजको भन्ने चिनिने गरी कुनै सङ्केत नराखिएको फ्रीजरयुक्त गाडीमा राखियो ।निकालाई गाडीको पछाडिपट्टिको भागमा राखिएको थियो । त्यहाँ टीम १२ का तीन सदस्य आरश काल्होर, सदेह मोनज्याजी र बेहरुज सादेगी थिए । उनीहरूको टीमका नाइके मोर्टेजा जलिल भने अगाडिको सीटमा चालकसँग बसेका थिए।प्रतिवेदनका अनुसार त्यो समूहले उनलाई लैजान ठाउँ खोज्ने प्रयत्न गर्‍यो ।

> उनको हात पछाडि लगेको बाँधिएको भए पनि उनले उसलाई कोपरिन र धकेलिदिइन् । त्यसपछि उनी लड्न पुगे।उनले मेरो अनुहारमा हानिन् त्यसैले मैले आफ्नो बचाउ गर्नुपर्‍यो।गाडीको क्याबिनबाट मोर्टेजा जलिलले चालकलाई गाडी रोक्न भने । त्यसपछि उनले गाडीको पछाडिको ढोका खोल्दा निकाको निष्प्राण शरीर फेला पारे ।

उनीहरूले नजिकै रहेको अस्थायी प्रहरी शिविरमा लगे तर त्यहाँ असाध्यै भिड भएकाले राख्न नसकिने भनियो। त्यसपछि उनीहरूले निकालाई गाडीमा ३५ मिनेट लाग्ने एक थुनुवा केन्द्रतिर लगे। त्यहाँका कमान्डर सुरुमा निकालाई राख्न सहमत भए। तर पछि उनले आफ्नो विचार परिवर्तन गरे।"आरोपित (निका)ले निरन्तर नारा लगाइरहेकी र गाली गरिरहेकी थिइन्, " उनले प्रतिवेदन तयार पारिरहेका अनुसन्धानकर्ताहरूलाई भने।"त्यसबेला त्यहाँ अरू १४ जना महिला थुनुवाहरू थिए। त्यहाँ निकाले अरूहरूलाई पनि आक्रोशित बनाइदिने मैले ठानेँ। ""उनले दङ्गा मच्चाउलिन् भनेर म चिन्तित थिएँ।"

मोर्टेजा जलिलले फेरि आईआरजीसी मुख्यालयमा सुझावका लागि सम्पर्क गरे। प्रतिवेदनमा लेखिएअनुसार उनलाई तेहेरानको कुख्यात एभिन जेलमा जान भनियो।जाँदै गर्दा बाटोमा उनले पछाडिको अँध्यारो भागबाट केही वस्तु फुटेजस्तो वा ठोक्किएजस्तो आवाज आइरहेको सुनेको बताए।उनले सुनेको आवाज के थियो भन्ने कुरा निकाको रखवारी गरिरहेका पछाडि बसेका व्यक्तिले दिएको बयानबाट हामीले थाहा पाएका छौँ।

तीमध्ये एक बेहरुज सादेगीका अनुसार निकालाई थुनुवा केन्द्रले अस्वीकार गरेपछि गाडीमा राख्नेबित्तिकै उनी गाली गर्न र चिच्याउन थालिन्।"अरश कल्हरले उनको मुखमा मोजा कोचिदियो र उनी सङ्घर्ष गर्न थालिन्। त्यसपछि उनलाई सादेहले उनलाई चेस्ट फ्रीजरको माथि सुताए र उनीमाथि बसे। त्यसपछि परिस्थिति शान्त भयो," उनले अनुसन्धानकर्तालाई भने।"मलाई के भयो भन्ने कुरा थाहा छैन तर केही समयपछि उनले फेरि गाली गर्न थालिन्। मैले केही देख्दिनथेँ। मैले झगडा गरेको र ढ्यामढुम गरेको मात्र सुन्थेँ।"तर अरश कल्होरले थप कहालीलाग्दो विवरण दिएका छन्।

उनका अनुसार उनले फोनको टर्च बाल्दा सादेह मोनजाजीले उसका हात निकाको सुरुवालभित्र हालेको देखिएको थियो।आरस कल्होरले त्यसपछि आफूहरूले नियन्त्रण गुमाएको बताए।"उनलाई थाहा थिएन' को (यो गरिरहेको थियो)," तर उनले केही सुनिरहेका थिए'आरोपित (निका)माथि लठ्ठी हानिएको''मैले हान्न थालेँ तर मैले आरोपितलाई हानिरहेको थिएँ कि आफ्नै मानिसहरूलाई भन्ने मलाई साँच्चै थाहा थिएन।'"

तर सादेश मोनजाजीको भनाइ अरब कल्होरसँग मिल्दैन। मोनजाजीले निकाको सुरुवालभित्र हात हालेको भन्ने कुरा अस्वीकार गरे। तर निकामाथि बस्दा र उनको नितम्ब छुँदा आफू उत्तेजक बनेको अस्वीकार गर्न नसक्ने बताए।उनका अनुसार त्यसले निकालाई क्रुद्ध बनायो। उनको हात पछाडि लगेको बाँधिएको भए पनि उनले उसलाई कोपरिन र धकेलिदिइन्। त्यसपछि उनी लड्न पुगे।"उनले मेरो अनुहारमा हानिन् त्यसैले मैले आफ्नो बचाउ गर्नुपर्‍यो। "गाडीको क्याबिनबाट मोर्टेजा जलिलले चालकलाई गाडी रोक्न भने।

त्यसपछि उनले गाडीको पछाडिको ढोका खोल्दा निकाको निष्प्राण शरीर फेला पारे।उनले आफूले निकाको अनुहार र टाउकोबाट रगत पुछेको बताए। "ती राम्रो अवस्थामा थिएनन्।"निकाकी आमाले उनलाई एक शवगृहमा भेट्दाको अवस्थाबारे जे बताइएको छ, त्योसँग यो विवरण मिल्छ। बीबीसी पर्सिअनले अक्टोबर २०२२ मा फेला पारेको मृत्यु प्रमाणपत्रले उनको मृत्यु "कडा वस्तुले प्रहार गरेका कारण धेरै चोटहरू लागेर" भएको लेखिएको छाटीमका नाइके मोर्टेजा जलिलले त्यहाँ के भएको थियो भन्ने पत्ता लगाउन नखोजेको स्वीकार गरेका छन्।

"म त उनलाई कसरी कतै लग्ने मात्र सोचिरहेको थिएँ र कसैलाई केही प्रश्न सोधिनँ। मैले यो मात्रै सोधेँ 'सास फेरिरहेकी छ कि छैन?' मलाई लाग्छ बेहरुज सादेगीले जबाफ दिएका थिए 'अहँ, उसको मृत्यु भइसकेको छ'।"आफ्ना अगाडि भएको हत्यापछि जलिलले आईआरजीसीको मुख्यालयमा तेस्रो पटक फोन गरे।त्यसपछि उनले "नईम १६" नाम दिइएका अझ वरिष्ठ अधिकारीसँग कुराकानी गरे।

"हाम्रो केन्द्रमा यसअघि नै मृत्युहरू भएका थिए। म त्यो सङ्ख्या बढेर २० पुगोस् भन्ने चाहन्नथेँ" नईम १६ले अनुसन्धानकर्तालाई भने। "उनलाई यहाँ ल्याउनुले कुनै समस्या समाधान गर्दैनथ्यो। "उनले जलिललाई साधारण रूपमै "सडकमै फ्याकिँदिन भने।" जलिलले भनेअनुसार उनीहरूले निकाको शरीरलाई तेहरानको यादेगा ए इमाम राजमार्गको शान्त सडकमा फ्याँकिदिए । यौन दुर्व्यवहारका कारण गाडीको पछाडिको भागमा हानाहान भएको र टीम १२ ले गरेको प्रहारका कारण निकाको मृत्यु भएको प्रतिवेदनको निष्कर्ष छ।

त्यसमा भनिएको छ, "तीनवटा लठ्ठी र तीन टेजरको प्रयोग गरिएको थियो। कुन प्रहारले उनको ज्यान गयो भन्ने स्पष्ट छैन ।"यो प्रतिवेदन निकामाथि के भएको थियो भन्नेबारे सरकारले तयार पारेको प्रतिवेदनसँग बाझिन्छ। उनको अन्तिम संस्कार गरेको करिब एक महिनापछि सरकारद्वारा सञ्चालित टेलिभिजनमा औपचारिक अनुसन्धानको परिणाम सार्वजनिक गरिएको थियो। त्यसमा निका एउटा भवनबाट हाम फालेको भनिएको थियो ।

त्यसमा देखाइएको सीसीटीभी फुटेजमा निका दाबी गरिएकी एक व्यक्ति एक अपार्टमेन्ट ब्लकमा छिरेको देखाइएको थियो, तर निकाकी आमाले बीबीसी पर्सिअनलाई एक टेलिफोन अन्तर्वार्तामा "कुनै पनि परिस्थितिमा ती व्यक्ति निका थिइन् भनेर आफूले भन्न नसक्ने" बताइन् । "उनीहरू झुट बोलिरहेका छन् भन्ने हामी सबैलाई थाहा छ," नसिन शाकारामीले प्रदर्शनकारीको मृत्युबारेको दाबीबारे छलफल गर्दै बीबीसीलाई भनिन् ।

प्रतिवेदनबारे द बीबीसी आई इन्भेस्टिगेशन यसको विषयवस्तुका कारण मात्र गम्भीर भएको होइन, त्यो विश्वशनीय छ कि छैन भन्ने पनि चासो थियो । तर ती मध्ये अधिकांश नक्कली दस्ताबेज चिन्न सजिलो छ किनभने ती आधिकारिक दस्ताबेजको स्वरूपभन्दा फरक, व्याकरण या हिज्जेमा त्रुटियुक्त हुन्छन् । तिनमा गलत औपचारिक नारा या लोगो राखिएको हुन्छ। अथवा सरकारी निकाय वा विभागको नाम पुरानो राखिएको हुन सक्छ ।

अर्को चाहिँ त्यहाँ प्रयोग भएको भाषा हो। नक्कली दस्ताबेजमा इरानी आधिकारिक निकायले प्रयोग गर्ने भन्दा भिन्न शैलीको भाषा हुन्छ । हाम्रो जाँच जुन दस्ताबेजमा केन्द्रित थियो त्यसमा पनि केही विसङ्गति थिए। उदाहरणका लागि प्रतिवेदनमा उद्धृत गरिएको 'नाजा' प्रहरी फौजलाई त्यस बेला 'फराजा' नाममा चिनिन्थ्यो।त्यसै कारण दस्ताबेजको सत्यतथ्य थप जाँच्नका लागि हामीले यस्ता सयौँ वैध दस्ताबेज हेरेका इरानका एक पूर्वगुप्तचार अधिकारीलाई लगायौँ।

उनले इरानमा वरिष्ठ गुप्तचर अधिकारीहरूलाई हरेक दिन प्रदान गरिने एक औपचारिक कोड प्रयोग गरेर आईआरजीसी सङ्ग्रहमा फोन गरे।उनले त्यो फाइल अस्तित्वमा छ भन्ने पुष्टि गरे र सन् २०२२ मा भएको सरकारविरोधी प्रदर्शनबारे बनाइएको ३२२ पृष्ठ लामो प्रतिवेदनकै एक हिस्सा थियो भन्ने प्रमाणित गरे।हामी १०० प्रतिशत निश्चित हुन नसके पनि यसले हामीलाई यो प्रतिवेदन वास्तविक हो भन्ने आत्मविश्वास दिलायो।

उनको आईआरजीसीमा रहेको विशेष पहुँचले हामीलाई अर्को रहस्य पनि सुल्झाउन मद्दत गर्‍यो। त्यो हो निकाको शरीररलाई सडकमा फ्याँक्न टीमलाई आदेश दिने "नईम १६" को पहिचान।पूर्वगुप्तचर अधिकारीले यो पत्ता लगाउन इरानको सैन्य संरचनामा रहेका एक व्यक्तिलाई फोन गरेका थिए। नईम १६ चाहिँ मोहम्मद जमानीका लागि दिइएको कोड नम्बर हो भन्ने उनलाई बताइयो। जमानी आर्ज्ईआरजीसीमा काम गर्छन्।

प्रतिवेदनको सारांशअनुसार निकाको मृत्युबारे भएको पाँच घण्टा लामो सुनुवाइमा त्यो नाम पनि एक जना सहभागीका रूपमा सूचीकृत छ । हामीले यी आरोपहरू आईआरजीसी र इरानी सरकारसमक्ष राख्यौँ। उनीहरूले त्यसको जबाफ दिएनन् ।हामीलाई थाहा भएसम्म निकाको मृत्युका लागि जिम्मेवार पुरुषहरूलाई अझै दण्ड दिइएको छैन ।

# नेपालको तेस्रो हारसँगै द्विपक्षीय शृंखला वेस्ट इन्डिज 'ए'द्वारा कब्जा



**वीवीसी** । वेस्ट इन्डिज 'ए' सँगको टी२० शृंखलाको चौथो खेलमा बिहीवार नेपाल २८ रनले पराजित भएको छायोसँगै पाँच खेलको शृंखलामा वेस्ट इन्डिज 'ए'ले तीन खेल जितिसकेको छ। अर्थात् अन्तिम खेल जिते पनि नेपाल पाहुना टोलीसँग शृङ्खला हारेकै मानिने छाबिहीवारको खेलमा पहिला ब्याटिङ गरेको वेस्ट इन्डिज 'ए'ले तीन विकेट गुमाएर २०९ रन बनाएको थियो।

नेपालको ब्याटिङ

जबाफी ब्याटिङका क्रममा नेपालले अन्तिम बलमा १०औँ विकेट गुमाएर १८१ रन बनाउन सक्यो।दुई जनै ओपनर सस्तैमा आउट भएका थिए। आशिफ शेख शून्यमा आउट भएका थिए भने कुशल भुर्तेल एक रन बनाएर फर्किए ।

भुर्तेल आउट भएपछि क्रीजमा आएका कुशल मल्ल लगत्तै चार रन बनाएर आउट भएका थिए । पहिलो र दोस्रो खेलमा शतक र अर्धशतक बनाएका कप्तान रोहित पौडेलले चौथो खेलमा पनि ८२ रन बनाए। उनले ७ चौका र ५ छक्का हिर्काएका थिए । खेलको आरम्भमै अर्को छेउमा लगातार विकेटहरू खसिरहे पनि कप्तान पौडेल एक्लै डटिरहे । सन्दीप जोराले १९ रन बनाएर चौथो विकेटका निम्ति उनीसँग ४० रनको साझेदारी गरेका थिए ।

त्यसपछि क्रिजमा केही बेर साझेदारी गरेका दीपेन्द्रसिंह ऐरी र गुल्शन झा दुवैले १९-१९ रन बनाएका थिए । वेस्ट इन्डिजका म्याथ्यू फोर्ड र हेडन वाल्शले ३-३ विकेट लिएका थिए। यसअघि तेस्रो खेलमा २२७ रन बनाएको वेस्ट इन्डिज 'ए'ले चौथो खेलमा पनि उही लय कायम राख्यो ।बुधवारको खेलमा विस्फोटक ब्याटिङ् गरेका ओपनरद्वय जोन्सन चार्ल्स र आन्द्रे फ्लेचरले बिहीवार पनि उस्तै खेल देखाएका थिए ।

बुधवार शतक प्रहार गरेका चार्ल्सले बिहीवार ३० बलमा ५८ रन बनाएका थिए भने अघिल्लो दिन ५३ रन बनाएका फ्लेचरले बिहीवारको खेलमा ५४ बल खेलेर अविजित ८४ रन बनाए । नेपाली बलरहरूमध्ये कुशल भुर्तेल सर्वाधिक सफल रहे। उनले चार ओभरमा २३ रन खर्चिएर दुई विकेट लिए । प्रतीश जीसीले ४३ रन खर्चिएर एक विकेट लिएका थिए। गएको शनिवार भएको पहिलो खेलमा नेपालले सानदार प्रदर्शन गर्दै प्रतिस्पर्धात्मक खेलमा वेस्ट इन्डिज 'ए'लाई चार विकेटले पराजित गरेको थियो ।

उक्त खेलमा वेस्ट इन्डिज 'ए' ले आक्रामक ब्याटिङ गर्दै २०५ रनको चुनौतीपूर्ण लक्ष्य पेस गरेको थियो । तर जबाफमा कप्तान रोहित पौडेलले शतक प्रहार गरेपछि नेपालले दुई बल बाँकी रहँदै लक्ष्य पूरा गर्‍यो । दोस्रो खेल पनि प्रतिस्पर्धात्मक रह्यो तर नेपालले १० रनको हार बेहोर्नुपर्‍यो ।

वेस्ट इन्डिज 'ए'ले पेस गरेको १६१ रनको लक्ष्य जितको निम्ति पर्याप्त ठहरियो। नेपालले पूरै ओभर खेलेर नौ विकेट गुमाउँदै १५० रन मात्र बनाउन सक्यो । तेस्रो खेलमा चाहिँ नेपालको प्रदर्शन निकै फितलो देखिएको थियो । वेस्ट इन्डिज 'ए'ले विस्फोटक ब्याटिङ गर्दै जितको निम्ति २२८ रनको लक्ष्य दिएकोमा नेपालले जम्मा १५१ रन मात्र बनाउन सक्यो । सो खेलमा नेपाल ७६ रनको अन्तरले हार्‍यो ।

### विश्वकपका निम्ति नेपाली टोली चयन

जुन १ देखि संयुक्त राज्य अमेरिका र वेस्ट इन्डिजमा हुन लागेको टी२० विश्वकप प्रतियोगिताको सङ्घारमा काठमाण्डूमा भएको वेस्ट इन्डिजसँगको शृङ्खलालाई त्यसैको तयारीको रूपमा पनि हेरिएको छ । बुधवार नेपाल क्रिकेट संघले टी२० विश्वकपका निम्ति राष्ट्रिय टोलीको घोषणा गरेको छ ।

कप्तान रोहित पौडेलको अगुवाइमा रहेको १५ सदस्यीय टोलीमा आसिफ शेख, अनिलकुमार साह, कुशल भुर्तेल, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, ललित राजवंशी, करण केसी, गुलशन झा, सोमपाल कामी, प्रतीश जीसी, सन्दीप जोरा, अविनाश बोहरा, सागर ढकाल र कमलसिंह ऐरी परेका छन्।उक्त प्रतियोगितामा २० टोली सहभागी हुनेछन्। तिनलाई चारवटा समूहमा विभाजन गरिएको छ । नेपाल समूह 'घ' मा परेको छ जसमा श्रीलङ्का, नेदरल्यान्ड्स, दक्षिण अफ्रिका र बाङ्लादेश रहेका छन् । विश्वकपमा नेपालको पहिलो खेल नेदरल्यान्ड्ससँग जुन ४ मा हुनेछ । उक्त खेल अमेरिकाको ड्यालस सहरको ग्र्यान्ड परेरी रङ्गशालामा हुनेछ ।

दोस्रो खेल चाहिँ श्रीलङ्कासँग जुन १२ मा फ्लोरिडामा हुनेछ ।तेस्रो र चौथो खेलचाहिँ नेपालले वेस्ट इन्डिजअन्तर्गतको सेन्ट भिन्सेन्टमा क्रमशः दक्षिण अफ्रिका र बाङ्लादेशसँग जुन १५ र १७ मा खेल्नेछ । प्रत्येक समूहबाट दुई शीर्ष टोली 'सुपर एट' मा प्रवेश गर्ने छन् जसबाट छानिएका चार टोली सेमिफाइनल पुग्ने छन् ।फाइनल खेल बार्बाडसमा जुन २९ मा हुनेछ ।

# महिला फुटबलको ऐतिहासिक दिन

**सुर्खेत** । सुर्खेतस्थित कर्णाली प्रदेश रंगशालामा बिहीबार भएको खेलमा घरेलु टिम कर्णालीले गण्डकीलाई हरायो । यो जितसँगै कर्णाली महिला फुटबल टिमका लागि ऐतिहासिक दिन बन्यो ।

खेलकुदको क्षेत्रमा हुर्किँदै गरेको प्रादेशिक महिला टिमका लागि इतिहास रच्ने दिन बन्यो वैशाख २० । महिला लिगको छनोटका क्रममा ७ प्रदेशले एक अर्कासँग प्रतिस्पर्धा गर्दै शीर्ष तीनमा स्थान बनाउन कोसिस गरे ।

चार टिम असफल हुँदा घरेलु टिम कर्णालीलाई घरेलु मैदानमा, घरेलु दर्शकका अगाडि खुसी साट्ने मौका मिल्यो ।मिहिनेतको मिठो स्वाद कर्णाली महिला फुटबलले पायो । तुलनात्मक रूपमा कमजोर मानिँदै आएको कर्णाली प्रदेशले पछिल्लो समय खेलकुदलाई दिएको महत्व महिला फुटबल टिमको प्रदर्शनमा देखिएको छ ।

गण्डकीसँग बिहीबार अन्तिम खेलमा २-० को जित हात पार्दै कर्णाली महिला लिगका लागि छनोट भएको हो । यसलाई प्रशिक्षक भोजबहादुर खत्रीले कर्णाली महिला फुटबलको ठूलो उपलब्धिको संज्ञा दिए । 'खेलेको पहिलो पटक महिला लिगमा छनोट हुनु हाम्रो लागि ऐतिहासिक उपलब्धि हो ।' र्णाली महिला फुटबल टिम वामे सर्दै गरेको अवस्थामा छ । हुन त यस टिममा उमेर समूहमा खेलेका खेलाडीहरू समेत छन् ।

साढे २ वर्ष पश्चात केही गतिशील बन्न थालेको महिला फुटबलमा कर्णालीले एक कदम अगाडि पाइला सार्‍यो । यसअघि कहिल्यै पनि महिला लिग नखेलेकाले पहिलो पटकमै छनोट हुँदा प्रदेशमा महिला फुटबललाई उकास्ने माध्यम मिलेको प्रशिक्षक खत्रीले बताए ।उनले भने, 'महिला फुटबललाई अझै माथि उकास्न जिल्ला र प्रदेशले यू १०, १२ जस्ता उमेर समूहका खेललाई ग्रासरुटबाट सुरु गरे कर्णाली प्रदेशको फुटबल विकास हुन सक्छ ।'

महिला फुटबलमा पहिलो पटक ७ प्रदेशलाई छनोट खेल खेलाइएको छ ।१०औं राष्ट्रिय खेलकुद आयोजनाको तयारीमा जुटेको कर्णाली प्रदेशले लिग छनोट गर्न २० लाख रुपैयाँ दिने भएपछि कर्णालीले महिला लिग छनोटको प्रतियोगिता गर्न पाएको हो । यसैको फल यस प्रदेशले पाएको छ ।१०औं खेलकुदका लागि संरचनागत हिसाबले प्रदेश सरकारबाट करिब १ अर्ब ५० करोडभन्दा बढी बजेट विनियोजन भएको छ । बजेटको कमी नभएको र पूर्वाधारको अवस्था सन्तोषजनक रहेका कारण खेलाडी उत्पादन र खेलाडीको स्तरोन्नतिमा पनि कर्णाली प्रदेशको ध्यान तानिएको छ ।

केही उमेर समूहका र केही सिनियर खेलाडीसहित कर्णालीले महिला लिग छनोटको लागि टिम बनाएको थियो । 'मैले खेलाडीहरूलाई पहिलेदेखि प्रशिक्षण गरिरहेको थिएँ । यसै प्रतियोगितामा पनि पाँचौं खेल राम्रो खेल्न सकेका थिएनौं । जसका कारण अन्तिम खेलमा हामीलाई ३ अंक चाहिएको थियो । त्यहीअनुसार रणनीति बनायौं र सफल पनि भयौं,' प्रशिक्षक खत्रीले भने ।

उनले आगामी दिनमा विभागीय टिमसँग प्रतिस्पर्धा गर्न आफ्नो टिमलाई थप सुधार र परिमार्जनको जरुरत रहेको बताए ।

प्रशिक्षकका अनुसार यो पटक स्नातक र कक्षा १२ को परीक्षाले पनि लिगमा केही खेलाडी उपस्थिति हुन सकेनन् । कर्णालीकी अब्बल मध्येकी फरवार्ड सुनकला राईले परीक्षाका कारण लिगको अन्तिम खेल खेल्न पाइनन् ।महिला लिग खेल्न टिमले विदेशी तथा अन्य छनोट नभएका प्रदेशका टिमबाट समेत खेलाडी ल्याउन पाउने नियम छ । तर कर्णाली प्रदेश बाहिरको खेलाडी नल्याई आफ्नै खेलाडीलाई मैदानमा उतार्ने तयारीमा रहेको प्रशिक्षक खत्रीले बताए ।

'हाम्रो खेलाडी पोजिसन बिल्ड गरेर खेल्न सक्छन् । तर डिफेन्समा सुधार चाहिएको छ, अब हाम्रो ध्यान त्यता रहन्छ,' प्रशिक्षक खत्रीले भने, 'कम्तीमा पनि ४ हप्तामा बन्द प्रशिक्षणमा राखेर कर्णालीकै खेलाडीलाई सुधार गर्दै लैजाने सोचमा छौं ।'कर्णालीको जितमा महत्वपूर्ण सदस्य बनेकी र उमेर समूहमा राष्ट्रिय टिमको सदस्य रहेकी १६ वर्षीया वर्षा वली पनि कर्णालीसँगै पहिलो पटक महिला लिग खेल्नेछिन् ।उमेर समूहमा यू १७ र यू १९ प्रतियोगिता खेलिसकेकी उनको लक्ष्य नेपालका लागि दोस्रो 'साम्बा' बन्ने छ । उनी सावित्रा भण्डारी (साम्बा)लाई निकै पछ्याउँछिन् ।

# अफगानिस्तानलाई विश्व बैंकबाट ८४ मिलियन सहयोग

**एएनआई**

काबुल । अफगानिस्तानले देशमा चलिरहेको मानवीय सङ्कटको बीचमा विश्व बैंकबाट ८४ मिलियन अमेरिकी डलर सहयोग प्राप्त गरेको टोलो न्यूजले जनाएको छ ।

उक्त सहयोग आर्थिक सङ्कटकसँग जुध्न, जीविकोपार्जन परियोजना प्रदान गर्न, अफगान महिलाहरूलाई सहयोग गर्न, जलवायु परिवर्तनलाई सम्बोधन गर्न तथा आप्रवासीहरूलाई सहयोग गर्न प्रयोग गरिने विश्व बैंकले जनाएको छ ।


परियोजना सन् २०२२ मा ग्रामीण र सहरी क्षेत्रमा आजीविका सहयोग र सेवाहरू प्रदान गर्न, महिला र सबैभन्दा कमजोरका लागि सामाजिक अनुदानलाई समर्थन गर्न र समावेशी सेवा वितरणका लागि सामुदायिक संस्थाहरूलाई सुदृढ पार्न एआरटीएफबाट २६ करोड ५० लाख डलरको अनुदानका साथ सुरु भएको बैंकको विज्ञप्तिमा उल्लेख छ। अर्थ मन्त्रालयले विश्व बैंकको सहयोगलाई स्वागत गर्दै आर्थिक विस्तार र परियोजना संशोधनहरूलाई सहयोग गर्न सक्ने बताएको छ, जसको परिणामस्वरूप देशको रोजगारी सिर्जनामा योगदान पुग्नेछ ।

परियोजनाको कार्यान्वयनले रोजगारी सिर्जना गर्न, सहरी र ग्रामीण क्षेत्रमा सेवा वितरणमा सुधार ल्याउन तथा आप्रवासी समस्यालाई सम्बोधन गर्न सक्ने तालिबानी अर्थ मन्त्रालयका प्रवक्ता अब्दुल रहमान हबीबले बताउनुभयो । यसैबिच, काबुलका नागरिकहरूले हालको परिस्थितिलाई ध्यानमा राख्दै अझ बढी सहयोग आवश्यक रहेको बताउदै यसलाई खुल्लारुपममा दिनुपर्ने माग राखेको टोलो न्यूजले जनाएको छ ।

अफगानीस्तानमा मानिसहरू गरिब तथा निराश्रित भई महिनामा तीन दिन मात्र काम पाउने अवस्थामा छन् । काबुलका बासिन्दा उमर अलीले आफ्नो घरमा दस जना आश्रित भएको तथा डेढ वर्षदेखि भाडाका लागि ऋणमा डुबेको बताउनुभयो ।

तालिबानले अफगानिस्तानमा अधिकार पुनः प्राप्त गरेप छि विश्व बैंकसहित अधिकांश अन्तर्राष्ट्रिय संस्थाहरूले अफगानिस्तानमा काम गर्न छोडेका छन् । यी संस्थाहरूको पुनः सञ्चालनले अफगान अर्थतन्त्रलाई बढावा दिने अनुमान गरिएको छ ।

# बैंकिङ कसुरका घटना बढे



त्रिवेणी । नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरमा बैंकिङ कसुरका घटना बढ्दै गएका छन् । विगत वर्षमा न्यून मात्रमा बैंकिङ कसुरका घटना प्रहरीकहाँ आउने गरेकामा अहिले सो संख्या बढ्दै गएको पाइएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नरहरि रेग्मीलका अनुसार चालु आर्थिक वर्षको साउनदेखि यही वैशाख १५ गतेसम्ममा ५० वटा बैंकिङ कसुरका मुद्दा दर्ता भएका छन् । आव २०७९/८० मा २३ वटा बैंकिङ कसुरका मुद्दा दर्ता भएका थिए। दर्ता भएका बैंकिङ कसुरका सबैजसो मुद्दा चेक अनादरका छन्। बैंक तथा वित्तीय संस्थामा निक्षेप छैन् वा निक्षेप भए पनि पर्याप्त छैन् भन्ने जानीजानी कुनै व्यक्तिले चेक काटी कसैलाई हस्तान्तरण गरेमा र त्यसरी हस्तान्तरण गरिएको चेक भुक्तानीका लागि सम्बन्धित बैंकसमक्ष प्रस्तुत गर्दा पर्याप्त निक्षेप नभएको ठहर्छ भने चेक अनादर भएको मानिन्छ । चेक अनादर भएको छ महिनाभित्र चेक पाएको व्यक्तिले अदालतमा मुद्दा दायर गर्नुपर्छ। दाबी प्रमाणित भएको खण्डमा अदालतले बिगो र त्यसबमोजिम जरिवाना गर्नसक्ने प्रावधान रहेको प्रहरी उपरीक्षक रेग्मीले बताउनुभयो ।

चेक अनादरका मुद्दा ह्वात्तै बढ्नुमा प्रमुख कारण आर्थिक सङ्कट हो । कोभिड-१९ पछि रोजगारी र व्यवसायमा परेको असर अहिले देखिन थालेको छ । आर्थिक सङ्कटका कारण लेनदेनमा अविश्वास र शङ्का बढ्दा बैंकिङ कसुरका घटना बढेका प्रहरी उपरीक्षक रेग्मीले बताउनुभयो। आर्थिक कारोबारमा विश्वास कम हुँदै जाँदासमेत यस्ता घटना बढेका हुनसक्ने उहाँको भनाइ छ । कसैलाई व्यक्तिगत रूपमा दिएको रकम फिर्ता आउने सुनिश्चितता नहुने अवस्था देखेपछि तथा विश्वास कम हुँदै जाँदा मुद्दा दर्ता गर्न आउनेको संख्या बढी छ। रासस

# सुस्तगतिमा नेपालमा ओटीटी

काठमाण्डु । विहिबार राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस विविध कार्यक्रमका साथ मनाइँदैछ । मुलुकमा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रवर्द्धन गर्ने उद्देश्यले हरेक वर्ष मे २ तारिखका दिन राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस मनाइन्छ ।

इन्टरेटको सहज पहुँचसँगै नेपाली चलचित्र हेर्ने शैलीमा समेत उल्लेख्य परिवर्तन आएको छ । यसमध्ये चलचित्र क्षेत्रले धेरै परिवर्तन आत्मसात् गरिरहेको छ । अहिले दर्शकले मोबाइल, ल्यापटप, ट्याब्लेटजस्ता डिभाइसबाट घरमै बसेर चलचित्र हेर्न सक्छन् । यो परिवर्तन ल्याउन ओटीटी (ओभर द टप) प्लेटफर्मले ठूलै भूमिका खेलेका छन् । केही चलचित्रलाई ओटीटीमा मात्र पनि प्रदर्शन गर्ने गरिन्छ ।

नेपालमा पनि अहिले स्थानीय ओटीटी प्लेटफर्मको स‌ट्‌या बढ्दै गइरहेको छ। यद्यपि स्वेदेशीको तुलनामा नेटफ्लिक्स, अमेजन प्राइम भिडियो, डिज्नेप्लस हटस्टार, जी फाइभ, सोनी लिभलगायतका 'ओटिटी प्लेटफर्म'ले नेपाली दर्शकलाई आकर्षित गर्न सफल छन् ।

आइफ्लिक्स, भिडियो पसल, सिनेमा घर, कान्तिपुर सिनेमाजजस्ता प्लेटफर्म नेपालमा भएता पनि आफैँद्वारा निर्मित सामग्री (ओरिजिनल कन्टेन्ट) लोकप्रिय नहुँदा अपेक्षित सफलता प्राप्त गर्न सकेको छैन। आइफ्लिक्स र चलचित्र टिभीले सफलता नपाएपछि सञ्चालन हुन सकेनन् ।नेपालका अधिकांश एपमा चलचित्र भवनमा प्रदर्शन भएका चलचित्र छन्। त्यसलाई हेर्न दर्शकले रुचि कम देखाएका छन्। केही चलचित्रमा दर्शक आकर्षित भएर एपसँग जोडिँदा 'होल्ड' गर्ने कन्टेन्ट अभाव देखियो । फलतः दर्शक 'मुभ्ड' भए ।

नेपालमा सन् २०१६ देखि सुरु भएको 'सिनेमा घर' एपले सदस्यताको सुविधा हटाएर चलचित्रअनुसार भुक्तानी गरेर हेर्न मिल्ने बनाएको छ। अभिनेता खगेन्द्र लामिछाने अध्यक्ष रहनुभएको




उक्त एपले दर्शकले रुचाएको चलचित्रलाई प्रदर्शन गर्ने गरेको छ। त्यहाँ पनि आफ्नै सामग्रीको अभाव छ । यद्यपि उहाँसहितको समूहले चलचित्रलाई युट्युबमा नभई एपमा प्रदर्शन गर्न प्रोत्साहन गरिरहनुभएको छ।

"हामीले एपमा प्रदर्शन भएका चलचित्रको आम्दानीको बारेमा जानकारी गराएपछि अहिले ओटीटी प्लेटफर्मका लागि सहजरूपमा चलचित्र प्राप्त हुने गरेको छ, प्रायः निर्माताले एपमा चलचित्र प्रदर्शन गर्न सहजै स्वीकार गर्नुहुन्छ", अभिनेता लामिछानेले भन्नुभयो । आइफ्लिक्स र भिडियो पसल सञ्चालन गरिरहनुभएका ओमप्रकाश अग्रवालले 'पाइरेसी'को समस्याले ओटिटीमा चलचित्र राख्न जोखिम रहेको विश्लेषण गर्नुभयो ।

उहाँले भन्नुभयो, "पाइरेसी गर्नेलाई कडा कारबाही नभएसम्म कन्टेन्ट सुरक्षित हुँदैन, रमाइलोका लागि चलचित्र खिच्ने गरेको सुनिन्छ, यससम्बन्धी साक्षरता बढाउनु आवश्यक छ।" नेपालमा युट्युब लोकप्रिय छ। अग्रवालले सञ्चालन गरिरहनुभएको ओएसआर डिजिटलमा चलचित्र धेरै छन् । निःशुल्क नभई सःशुल्क चलचित्र हेर्ने शैलीको विकास गर्नु आवश्यक रहेकोमा उहाँ पनि स्पष्ट हुनुहुन्छ।

"नेपाली चलचित्र निर्माणमा देखिएका भिन्नता, पछिल्लो समय प्रस्तुत गरिने विषयवस्तुलगायत नयाँ प्रविधिका बारेमा हामी युट्युबमार्फत प्रचार गर्न सफल भयौं, निःशुल्क दर्शक बढे, 'भ्यूज' पनि पाइयो", अग्रवालले भन्नुभयो, "हामीले दर्शकले खोजिरहनुभएको सामग्री दिन सक्यौं भने ओटीटीको बजार बढ्ने र बलियो हुने सम्भावना धेरै छ, यद्यपि हामीले अनुसन्धान गरेर त्यहीअनुसारको सामग्री निर्माण गर्न सक्नुपर्छ, किनकि अहिले नेपालमै विश्वभरका चलचित्र र शृंखला हेरेर दर्शक चनाखो हुनुभएको छ।"

पछिल्लो समय 'ओर्जिनल कन्टेन' सहित सुरु गरिएको 'कान्तिपुर सिनेमाज्मा' पनि दर्शकलाई आकर्षित गर्न सकेको छैन। सामाजिक सञ्जाल वा चलचित्र चर्चामा विदेशी एपमै रहेका 'कन्टेन' मा दर्शकले प्रतिक्रिया दिइरहेका छन् । यद्यपि नेपालमा सुरुआती समय रहेकाले आशावादी रहने ठाउँ भने छ । नयाँ चलचित्र नहुनु र नयाँ 'कन्टेन' मा दर्शक आकर्षित नहुँदा नेपाली ओटीटीले अपेक्षित सफलता प्राप्त गर्न सकेका छैनन् ।रासस

# सुन्तला बेचेर म्याग्दीमा २१ करोड भित्रियो

म्याग्दी । म्याग्दीका किसानले सुन्तला बेचेर यस वर्ष रु २१ करोडभन्दा बढी भित्र्याएका छन् । सुन्तला म्याग्दीबाट निकासी हुने प्रमुख कृषिउपज हो ।

म्याग्दीमा यस वर्ष उत्पादन भएको तीन हजार छ सय मेट्रिक टन सुन्तला बिक्रीबाट रु २१ करोड ६० लाखको कारोबार भएको कृषि ज्ञान केन्द्रले जनाएको छ। केन्द्रका सूचना अधिकारी सम्झना आचार्यका अनुसार गत वर्ष रु १७ करोडको सुन्तला उत्पादन र बिक्री भएको थियो। सुन्तला प्रतिकिलो रु ५५ देखि रु ६० का दरले बिक्री भएको छ।

बेनी नगरपालिकाबाट सबैभन्दा बढी रु तीन करोड ३८ लाखको सुन्तला उत्पादन तथा बिक्री भएको छ। मालिका गाउँपालिकाबाट रु एक करोड ३६ लाख, अन्नपूर्ण गाउँपालिका र मङ्गला गाउँपालिकाबाट क्रमशः रु एक करोड ३० लाखको दरले सुन्तला बिक्री भएको छ।

धवलागिरि गाउँपालिकाबाट रु ३० लाख ७० हजार तथा रघुगङ्गाबाट रु २५ लाखको सुन्तला बिक्री भएको सूचना अधिकारी शर्माले बताउनुभयो । बेनी नगरपालिका-३ भकिम्ली, मरेक र राखु क्षेत्रबाट मात्रै रु दुई करोड २० लाखको सुन्तला निकासी भएको छ। बेनी नगरपालिका-४ को सिङ्गास्थित थामडाँडा, बास्कुना र सुर्केमेलाबाट रु एक करोड १० लाखको सुन्तला निकासी भएको वडा सदस्यसमेत रहेका किसान सन्दीप खत्रीले बताउनुभयो ।

म्याग्दीमा आठ सय १० हेक्टर क्षेत्रफलको जमिनमा सुन्तलाखेती गरिएकामा चार सय २० हेक्टरमा लगाइएको सुन्तलाले उत्पादन दिएको कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख सञ्जीव बाँस्तोलाले बताउनुभयो । "सुन्तलाको प्रतिहेक्टर आठ दशमलव छ मेट्रिक टन उत्पादकत्व रहेको छ", उहाँले भन्नुभयो, "अनुकूल मौसम, रोग तथा कीराको प्रकोप नियन्त्रण, किसानलाई बीउमल, विषादी, कृषि औजार एवं सामग्रीमा अनुदान सहयोग तथा क्षेत्रफल विस्तारले सुन्तलाको उत्पादन बढेको हो ।"

कृषि ज्ञान केन्द्र, स्थानीय तहको कृषि शाखा र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सुन्तला जोनका प्राविधिकले म्याग्दीका विभिन्न ठाउँमा क्रप कटिङ विधिबाट सुन्तला उत्पादनको अवस्था अध्ययन गरेका थिए।

# अनुदानमा उन्नत जातका भैँसी वितरण

गोदावरी । कैलालीको चुरे गाउँपालिकाले व्यावसायिक पशुपालनमा किसानलाई आकर्षित गर्न अनुदानमा उन्नत जातका भैँसी वितरण गरेको छ। गाउँपालिकाले वडा नं ३, ५ र ६ का १८ किसानलाई अनुदानमा १८ उन्नत जातका दुधालु भैँसी वितरण गरेको हो ।

किसानलाई व्यावसायिक बनाउँदै दूध उत्पादन वृद्धि बताउनुभयो ।गाउँपालिकाको चालु आर्थिक वर्षको पशु विकास शाखालाई कुल विनियोजित बजेट रु ३९ लाखमध्ये रु १८ लाखको लागतमा दुधालु भैँसी किनेर अनुदानमा उन्नत जातका दुधालु भैँसीसँगै किसानलाई आवश्यक पर्ने सामग्री वितरण गरिएको उहाँले जानकारी दिनुभयो ।

पशु विकास अधिकृत भट्टले अध्यक्ष चक्रबहादुर बोगटीले बताउनुभयो । किसानलाई दिने अनुदान र उनीहरूले गरेको उत्पादनको बजारीकरणका लागि पालिका निरन्तर समन्य गरेर अघि बढ्ने उहाँको भनाइ छ।

व्यावसायिक पशुपालनमा किसानलाई आकर्षित गर्न र किसानको आयस्तर वृद्धि गर्न अनुदानका कार्यक्रम प्रभावकारी बन्ने विश्वास आफूले लिएको



गर्ने उद्देश्यले गोठ सुधारका कार्यक्रमसँगै दुधालु भैँसी वितरण गरिएको गाउँपालिकाका पशु विकास अधिकृत धर्मराज भट्टले बताउनुभयो ।

उहाँले निम्न आयस्रोत भएका अतिविपन्न, गरिब परिवारका किसानलाई भैँसीपालन व्यवसायतर्फ आकर्षित गर्न तीन वडाका १८ किसानलाई अनुदानमा उन्नत जातका भैँसी वितरण गरिएको सो गाउँपालिका पशुपालनका लागि उपयुक्त ठाउँ भएकाले किसानलाई त्यसतर्फ आकर्षित गर्ने खालका कार्यक्रम अघि बढाउँदै लगिने गाउँपालिकाको नीति रहेको बताउनुभयो ।

जीविकोपार्जनका लागि विदेश जानुभन्दा गाउँमै पशुपालन र कृषि क्षेत्रमा लाग्न अभिप्रेरित गर्न किसान लक्षित अनुदानका कार्यक्रमलाई वर्षेनि बढाउँदै लगिने गाउँपालिकाका उहाँले बताउनुभयो ।

पशु विकास शाखाले चालु आवभित्र रु आठ लाखमा बोकालाई खसी बनाउने मेसिन, रु पाँच लाखमा रागा बनाउने मेसिन र छ लाखमा औषधि खरिद गरी पशुपालक किसानलाई

वितरण गरिनेसमेत जनाएको छ । कैलालीको पहाडी भेगमा पर्ने सो गाउँपालिका पशुपालन र कृषिका लागि उपयुक्त क्षेत्रका रूपमा चिनिने गरिन् ।रासस


**जनकपुरधाम उप–महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जनकपुरधाम, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**JCB व्याकहो लोडर र एक्साभेटर अपरेटर तालिम कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धमा**

(प्रथम पटक प्रकाशित मितिः–२०८०।०१।२१)

उपरोक्त सम्बन्धमा आ.व. २०८०/०८१ मा नगर सभाबाट जनकपुरधाम उप-महानगरपालिकामा अन्तर्गत रहेको रोजगार सेवा केन्द्रमा सीप विकास तालिम - JCB व्याकहो लोडर र एक्साभेटर अपरेटर तालिम कार्यक्रमको लागि प्रति व्यक्ति प्रति महिनाको दर रेट सहित संचलान गर्ने ईच्छुक संघ संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालयमा सम्पर्क गरी दर रेट सहितको प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावना पेश गर्दा संस्थाको सुचिकृत, कर चुक्ता प्रमाण पत्र, लेखापरिक्षण प्रतिवेदन, संस्था दर्ता प्रमाण पत्र, संस्था नबिकरण र सम्बन्धित क्षेत्रमा कम्तिमा ३ वर्षको अनुभव भएको लगायतका कागजातहरु प्रस्तावना संगै संलग्न राखी पेश गर्नु हुन हार्दिक अनुरोध छ।

**प्रमुख प्रशासकीय अधिकृत**



**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

धनुषा जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४ घर भई हाल धनुषा जिल्ला, सबैला न.पा. वडा नं. १२ बस्ने श्री मटुकधारी लाल दासको छोराबुहारी, श्री जगदिश लाल दास काएस्थको पत्नी वर्ष ७३ को श्रीमती शिन्धु वालाको मिति २०८०/०२/३० गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१४००५१० मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतकको पति जगदिश लाल दास काएस्थले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
**जनकपुर शाखा, जनकपुर–२, धनुषा**
**फोन ०४१–५९०२६१**



**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय, धनुषा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

यस कार्यालयबाट मिति २०८०/१२/२७ गते जनकपुर टुडेमा प्रकाशित सूचना अनुसार रित पुर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद एन, २०६३ को दफा २७ को उपदफा २ र ३, र सोही एनको दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि ७ (सात) दिने बोलपत्र स्वीकृत नर्गे आशयको सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Description of Work | Name and address of bidder | Bid amount (w/o VAT) |
|---|---|---|---|---|
| 1 | DAO/Dhanusha/ Works/NCB/01-2080/81 | Construction of Golghar and Toilet at District Administration office Dhanusha, JanakpurDham. | Ganesh Khusbu Nirman Sewa Godaita Sarlahi | 12,70,374/99 |



**श्री राष्ट्रिय प्राथमिक विद्यालय**
**जनकपुरधाम उ.म.न.पा.–२५, बसहिया सोनापाडा (धनुषा) नेपाल**

**बौली पोखरीको गोप्य बोलपत्र सम्बन्धी सूचना**

यस विद्यालयको अधिनस्तमा रहेको पोखरीको मिति २०८०/१०/२८ को निर्णय अनुसार तपसीलमा उल्लेखित पोखरीमा माछा पालन गर्न गोप्य बोलपत्रद्धारा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएको हुँदा सो पोखरीको निम्न शर्तहरुको आधारमा ठेक्का लिन सर्व साधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. सं. | साविक गा.वि.स. बसहिया वा.नं. | कित्ता नं. | क्षेत्रफल | न्यूनतम रकम प्रतिवर्थ | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४ (क) | २१ | १-८-८ | ४,५८,०००।- चार लाख अन्ठावन हजार | बौली पोखरी |

**शर्तहरुः**

१. बोलपत्र फारम दस्तुर रु. १००५।- फिर्ता नहुने गरी विद्यालयबाट प्रमाणित फारम खरिद गर्नु पर्नेछ।
२. ठेक्का अवधी २०८१/०२/०१ गते देखि २०८६ साल वैशाख ३१ गते सम्म जम्मा ५ पाँच वर्षको हुनेछ।
३. यस विद्यालयको कुनै किसिमको बाँकी बक्यौता रकम राखेको व्यत्तिःको नाउँमा बोलपत्र स्वीकृत हुने छैन।
४. पोखरीमा माछा पालन मात्र गर्न सक्नेछ।
५. बोलपत्र फारममा सब भन्दा बढि रकम कबुल गरेकोलाई प्रथमिकता दिइनेछ।
६. धरौटी रकम वार्षिक कबुल रकमको १०% यस विद्यालयको खाता नेपाल बैंक लि. सिटी अफिस जनकपुरको च.हि.नं. ००८००१००४६४३६१००००००१ मा जम्मा गरी सक्कल भाउचर बोलपत्र (टेन्डर) साथ पेश गर्नुपर्नेछ।
७. बोलपत्र फारम स्वीकृत भएको मितिले सात दिन भित्र पहिलो किस्ताको रकम जम्मा गरी चलन पुर्जी लिई सक्नुपर्ने छ सो चलन पुर्जी समय भित्र नलिएको धरौट रकम जफत गरी ठेक्का रद्द गरिनेछ।
८. धरौटी रकम अन्तीम किस्तामा मिन्हा हुनेछ।
९. बोलपत्र फारम भर्ने अन्तिम निति २०८१/०१/२४ गते सम्म १०:०० बजे देखी ३:०० बजे सम्म।
१०. बोलपत्र फारम मिति २०८१/०१/२४ गते बेलुका ४:०० बजे यस विद्यालको प्राङ्गनमा खोलीनेछ।
११. बोलपत्र साथ नगल धरौटी राखेमा बोलपत्र स्वीकृत हुने छैन।
१२. रित पूर्वक नभएको बोलपत्र वा म्याद नाघि आएको बोलपत्र फारम स्वीकृत हुने छैन।
१३. पहिलो वर्षको म्याद समाप्त हुन १ महिना अगाडी दोश्रो किस्ताको रकम बैंकमा जम्मा गरी सो को सक्कल भौचर सहित अर्को सालको लागि चलन पूर्जी दिइने छैन र ठेक्का रद्द भएको मानिने छ।
१४. तीन भन्दा कम बोलपत्र दर्ता भएमा बोलपत्र स्वीकृत गरिने छैन।
१५. उल्लेखित शर्तहरुको पालन नगरमा वा समयमा कबुल गरेको रकम नबुझाएमा जुन बेला ठेक्का बदर गरी कानून कारवाही गरिनेछ।
१६. बोलपत्र खोलिने बखत बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित रहनु पर्ने छ साथै उपस्थित नरहेमा पनि बोलपत्र खोलिने कार्य रोकिने छैन्।
१७. ठेक्का स्वीकृत गर्ने सम्पूर्ण अधिकार विद्यालयमा निहित रहने छ।

(**नोटः** अन्य जानकारीको लागि विद्यालय वा मो.नं. ९८४४०३८४६५ मा सम्पर्क गर्नु होला। )

**फारमसँग संलग्न कागजातहरू**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
२. धरौटी वापत जम्मा गरेको सक्कल भाउचर

**प्रधानाध्यापक**



**भुमिसुधार तथा मालपोत कार्यालय, धनुषा**

**हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

यसमा जिल्ला धनुषा गा.वि.स. बेंगाडाबर ४ हाल मिथिला नगरपालिका वडा नं. ८ बस्ने मकर बहादुर हेन्जन अविवाहित अवस्थामा नं. ५५ वर्ष अघि २३ वर्षको उमेरमा घर छाडी हिडेकोमा खोजतलास गर्दा हालसम्म कुनै अत्तोपत्तो नभएको, जिउँदो रहेको वा मृत्यु भैसकेको सो एकिन नभएकोले बेपत्ता मृतक मकर बहादुर हेन्जनको शेष पछिको नजिकको हकखाने/व्यहोर्ने हकदार मृतक/बेपत्ता मकर बहादुर हेन्जनको जेठो दाजु अस्ट बहादुर हेन्जनको पनि मिति २०५५/१०/३० मा प्रलोक भई गएको निजको हकमा श्रीमती फुलमाया तामाङ्गनी, माइलो दाजु चक्र बहादुर हेन्जनको पनि मिति २०६७/१२/२९ गते मृत्यु भैसकेको निजको हकमा श्रीमती जनमाया तामाङ्गनी, काइलो भाई मेनदोर्जे हेन्जनको पनि मिति २०६३/११/५ मा मृत्यु भइसकेको निज मृतकको श्रीमती (मकर बहादुर हेन्जनको भाइ बुहारी) राजमाया तामाङ्गनीको पनि मिति २०६५/१०/०२ मा मृत्यु भैसकेकोले निजहरुको हकमा जेठा छोरा कमल बहादुर हेन्जन समेतको मिति २०७१/०३/०९ मा मृत्यु भैसकेको, कमल बहादुर हेन्जनको श्रीमती जालमाया तामाङ्गनीको पनि मिति २०८०/४/१३ गते अन्यत्र विवाह गरी गैसकेकोले निजहरुको हकमा जेठो नाती उत्तम हेन्जन र कान्छो नाती हिरन कुमार हेन्जन भएको र मृतक मेनदर्जो हेन्जनको छोरा बिर बहादुर हेन्जन विदेशमा रहेकोले बुहारी पानमाया हेन्जन हकदार रहेको र बेपते/मृतक मकर बहादुर हेन्जनको नाउँमा तपसिलमा उल्लेखित दर्ता रहेको जग्गाको खती उत्पती हक खाने तथा भोग चलन गर्ने हकवाला हामी निवेदकहरुको क्रमशः फुलमाया तामाङ्गनी, जनमाया तामाङ्गनी, उत्तम बहादुर हेन्जन, हिरण कुमार हेन्जन, धनमाया तामाङ्गनी र पानमाया हेन्जन समेतको नाममा संयुक्त नामसारी गरी पाउँ भनि माग निवेदन भएको र सोही अनुसारको मिथिला नगरपालिका ८ नं. वडा कार्यालय जमुनिवास धनुषाको च.नं. १२६४ मिति २०८०/१२/०२ गतेको वडा मुचुल्का सहितको सिफारिस भै आएको र सोही अनुसारको सनाखत भएको।

यसमा बेपते/मृतक मकर बहादुर हेन्जनको मृत्यु पश्चात हकखाने यी निवेदकहरु बाहेक अन्य कोही हकखाने हकदार भएको भए वा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने वा यी निवेदकहरुको नाउँमा जग्गा नामसारी हुन नपर्ने कुनै कारण भए, यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुसंग भएको सबुत प्रमाण लिई दाबि उजुरि गर्न यस कार्यालयमा आउनु होला। म्याद भित्र दाबि उजुरी नपरी म्याद समाप्त भए पछि कानून बमोजिम मु.दे.स. २०७४ को परिच्छेद ११ को दफा २३९ (१) बमोजिम भई जाने व्यहोरा सबैमा यसै सूचनाद्वारा सुचित गरिएको छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वार्ड नं. | कि.नं. | सिट नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| धनुषा | बेंगाडाबर | ४ ख | ५९९ | - | ३-९-६-० |

# ठोरी छोटी भन्सार कार्यालयमा नयाँ सेवा थप

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको ठोरीमा अवस्थित छोटी भन्सार कार्यालयमा सवारीसाधनको अस्थायी पैठारीको अनुमति दिने सेवा थप गरिएको छ।



छोटी भन्सार कार्यालय ठोरीमा बुधबार एक कार्यक्रमबीच सवारीसाधनको अस्थायी पैठारीको अनुमति दिने सेवाको प्रारम्भ गरिएको छ । भन्सार कार्यालयको नियमित सेवा भने बिहीबारदेखि सुरु हुँदैछ।

वीरगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले छोटी भन्सार कार्यालय ठोरीमा सवारीसाधनको अस्थायी पैठारीको अनुमति दिने सेवा बिहीबारदेखि थप गरिएको बताए।

"भारतको सीमावर्ती क्षेत्रबाट ठोरी नाका हुँदै आउने पर्यटकका सवारीसाधनलाई ठोरीमा नै प्रवेश गर्न पाउने वातावरण तयार भएको छ । पहिला वीरगञ्ज भन्सार कार्यालयबाट मात्रै पर्यटकको प्रवेश गराउने गर्थ्यौं। अबदेखि भने ठोरीबाट पनि इन्ट्री गर्ने वातावरण बनेको छ", उनले भने, "यो सेवा प्रवाह गरेसँगै भारतीय पर्यटकलाई पर्सा तथा भरतपुरलगायतका पर्यटकीय गन्तब्यमा आउनलाई सहज हुने अपेक्षा गरेका छौं।"

प्रमुख भन्सार प्रशासक पन्थीले छोटी भन्सार कार्यालयमा थप गरिएको सेवा बिस्तारले आगामी दिनमा नेपालका पर्यटकीयस्थलमा पर्यटनको आवागमनमा सहज हुने बताए । "बन्द भएको खोलेको वा नयाँ सञ्चालनमा ल्याएको केही पनि होइन", उनले भने, "छोटी भन्सार कार्यालयमा नियमितरुपमा सञ्चालन हुँदै आइरहेको थियो।"

भरतपुर महानगरपालिकाका नगरप्रमुख रेणु दाहालले छोटी भन्सार कार्यालयबाट सवारीसाधनको अस्थायी पैठारीको अनुमति दिएसँगै भरतपुर क्षेत्रमा भारतीय पर्यटकको आवागमनमा सहज हुने बताए।

"हामीले 'भरतपुर भ्रमण वर्ष २०२४' को अभियानलाई अघि बढाउँदै आइरहेका छौं। पक्कै पनि सीमावर्ती भारतका पर्यटकलाई यो सुविधा थप भएसँगै हामीले अघि सारेको अभियानलाई सार्थकता पाउनेछ", नगरप्रमुख दाहालले भने । उनले छोटी भन्सार कार्यालयलाई व्यवस्थित गर्नका लागि आवश्यकपर्ने सहयोग गर्न तयार रहेको बताए।

जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले छोटी भन्सार कार्यालयका लागि आवश्यकपर्ने सुरक्षाको प्रबन्ध मिलाइसकेको बताए । "भन्सार सेवालाई चुस्तदुरुस्त बनाउनका लागि नयाँ खालका प्रविधिको प्रयोग गरेर अघि बढ्न निर्देश गर्दछु", उनले भने, "वडा कार्यालयबाट भन्सार छुट गरिदिनुपर्‍यो भन्ने खालका सिफारिस नगर्न पनि स्थानीय तहका जनप्रतिनिधिलाई अनुरोध गर्दछु।"

ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले भन्सार कार्यालयमा सेवा थप भएसँगै भारतीय पर्यटकको पर्सा तथा भरतपुर आसपासका क्षेत्रमा आवागमन वृद्धि हुने बताए । "यसले पक्कै पनि यस क्षेत्रको विकासमा थप टेवा पुग्ने अपेक्षा गरेका छौं", उनले भने, "अस्थायीरुपमा रहेको छोटी भन्सार कार्यालयको सेवालाई स्थायी गराएर अघि बढ्न जरुरी भइसकेको छ। यसलाई सम्बन्धित क्षेत्रले पनि ध्यान दिन जरुरी छ।"

गाउँपालिका अध्यक्ष श्रेष्ठले भन्सार कार्यालय नियमितरुपमा सञ्चालन हुँदा दैनिक उपभोग्य समान ल्याउन पनि सहज हुने बताए। सो कार्यक्रमा चितवन र पर्सा आसपासका स्थानीय तहका जनप्रतिनिधिको पनि उपस्थिति रहेको थियो।

# कर्मचारी बेपत्ता भएपछि पीडित परिवारको बिच्चली

**आर्थिक वर्ष ०७८/०७९ अन्तर्गत करिब ९३१ घर निर्माण गरी सम्बन्धित परिवारलाई हस्तान्तरण गरिनु पर्नेमा हालका दिनसम्म ७३५ घर निर्माण भएको छ भने १९६ वटा घर अधुरै रहेकाले हामीहरुको परिवार, घरबारविहीन भएको जितपुर सिमरा उप-महानगरपालिका-९ छातापिपरा निवासी राजदेव पासवानले बताए ।**

**टुडे समाचारदाता**

कलैया । जनता आवास कार्यक्रम अन्तर्गत करिब ८७ वटा घरको रकम झिकेर ठेकेदार र तत्कालीन करारका कर्मचारी बेपत्ता भएपछि पीडित परिवार बिच्चलीमा परेका छन्।



आर्थिक वर्ष ०७८/०७९ अन्तर्गत करिब ९३१ घर निर्माण गरी सम्बन्धित परिवारलाई हस्तान्तरण गरिनु पर्नेमा हालका दिनसम्म ७३५ घर निर्माण भएको छ भने १९६ वटा घर अधुरै रहेकाले हामीहरूको परिवार, घरबारविहीन भएको जितपुरसिमरा उप-महानगरपालिका-९ छातापिपरा निवासी राजदेव पासवानले बताए।

सरकारबाट हामी गरिबहरूको घर निर्माण हुने भएपछि त्यसबेला खुसी भएका हाम्रा परिवार अहिले बेघर भएको परवानीपुर गाउँपालिका-४ चैनपुर टोलका चनरकली रामले दुःखेसो पोखे । "केही दिन अगाडि दुर्घटनामा परेर ठेकेदारसहितका व्यक्तिहरू नै मरेको हामीहरूलाई खबर आएपछि हामी निराश भएका थियौं", उनले भने, "तर, कुरा अर्कै रहेछ।" पैसा झिकेर उनीहरू बेपत्ता भएको सुनेपछि हामीहरू सम्बन्धित निकायमा गुनासो गर्न आउने गरेको सोही ठाउँका अर्का पीडित पानवा देवी रामले बताए । तीन किस्तामा तीन लाख ३६ हजारको बजेटमा एउटा घर निर्माण गरी दलित, विपन्न र मुस्लिम परिवारलाई दिने कार्यक्रम अहिले कागजमै थन्किएको छ।

जनता आवास निर्माण समिति परवानीपुर-४ र जनता आवास निर्माण समिति जितपुरसिमरा-५ मा मात्र यो समस्या देखिएको पूर्वाधार विकास कार्यालय कलैया बाराका इन्जिनियर रविन प्रसाद जैसवालले बताए।

९ जनाको २ किस्ता बराबरको पैसा गएर खर्च पनि भई सकेको छ, तर घरै निर्माण भएको देखिँदैन । "फेरि तेस्रो किस्ताको रकम पठाउन दबाब आई रहेको छ, कसरी पैसा जान्छ", इन्जिनियर जैसवालले भने, "पर्सा, वीरगञ्जका ठेकेदार वीरबहादुर पटेल र सोही ठाउँका तत्कालीन करारका कर्मचारी सब-इन्जिनियर राजकुमार प्रसाद यादवले आफ्नो पत्नीको नाममा दर्ता रहेको सुमन कन्स्ट्रक्सन प्रा.लि.को नामबाट जनता आवासको रकम करिब ९० लाख रुपियाँ झिकेर बेपत्ता भएको छ।"

जितपुरसिमराको खातामा ३ जनाको बढी पैसा गएको छ। बाँकी फाइलको विवरण हालका दिनसम्म कलैयामा आएको छैन। आए पनि आधा अधुरै आएको पूर्वाधार विकास कार्यालय कलैया बाराका निमित्त कार्यालय प्रमुख राजेन्द्र साहले जानकारी दिए।

परवानीपुरमा ६३ र जितपुरसिमरामा ४५ घर निर्माणको काम पुरा अधुरै रहेको छ। प्रदेश सभा सदस्य जितेन्द्र सोनलको पिए दिनेश रामको घर निर्माण गर्न गएको २ किस्ताको रकम झिकिएको छ, तर, घरपट्टिलाई थाहै छैन । जबकि जगको निर्माण कार्य पुरा भएपछि अर्को किस्ता जानु पर्ने प्रावधान रहेको प्रमुख साहले बताए। उता दिनेश रामको गाउँमा २ तल्ले पक्की घर रहेको स्थानीयहरू बताउँछन्।

तत्कालीन निमित्त कार्यालय प्रमुख रुद्रनारायण दासले डकुमेन्ट प्रष्ट नराखेको कारण, सिस्टम भद्रगोल भएको छ, कागजपत्र सही नराख्नु, झोलामा कार्यालय सञ्चालन गरेकाले यस्तो समस्या आएको उनले जानकारी दिए।

# प्रचण्ड गर्मीमा 'गुइँठा' बनाउँदै महोत्तरीका गृहिणी

**टुडे समाचारदाता**

जलेश्वर। अहिले वैशाखको तेस्रो सातामै महोत्तरीमा तापक्रम दैनिकजसो ४२ डिग्री सेल्सियसको सेरोफेरोमा छ । प्रचण्ड रापसँगैको तातो हावाका बीच पनि यहाँ गृहिणी भने बर्खा यामका लागि 'गुइँठा' बनाउन व्यस्त छन्।



मधेशमा खाना पकाउने इन्धनको जोहोमा 'गुइँठा' बनाउने व्यस्तता बढेको हो । बर्खामास खाना पकाउन यहाँका गृहिणी जेठसम्म 'गुइँठा' बनाउने काममा व्यस्त हुन्छन्। यहाँ गोबरमा पराल वा साना झिक्रा हालेर डोलो 'गुइँठा' र घरका पर्खालमा गोबर सुकाएर 'चपरी' पारिन्छ । गाई, भैंसी पालेका किसानले आफ्नै गोठको गोबरमा र यी पशुबस्तु नपाल्नेले चरन क्षेत्र र बाटाघाटाका गोबर टिपेर घरमा ल्याई थुपारेर 'गुइँठा' बनाउँछन् । जिल्लाका सबैजसो स्थानीयतहका ग्रामीण बस्तीमा अहिले आम महिला ढकी (बाँसको चोयाले बुनिएको खास भाँडो, 'छिटी' पनि भनिन्छ) बोकेर गोबर सङ्कलन गर्न र घरघरै 'गुइँठा' बनाउन व्यस्त देखिँदा छन् । जिल्लाका १५ स्थानीयतहमध्ये १० नगरपालिकामा पनि धेरैजसो ग्रामीण बस्ती नै रहेका हुँदा सबैजसो भेगमा अहिले गृहिणीको 'गुइँठा' बनाउने काममा व्यस्तता बढेक छ।

"कि करु ? खाना त खाइपरत, अइकेलेल जोगार त कर परल नई" (के गर्नु ? खानु त परिहाल्छ, त्यसका लागि इन्धनको जोहो त गर्नै पर्‍यो नि) धमाधम गुइँठा बनाउँदै भङ्गाहा-३ सकरी बस्तीकी रामराजी सदाले भने, "अखैन जोगार नइकरब त बर्खामें दिकत होयत" (अहिले इन्धनको जोहो नगरे बर्खामा अप्ठ्यारो हुन्छ) । बर्खामा गुइँठा चाँडै बल्ने र सल्केपछि ननिभ्ने भएपछि गृहिणी यसमा खाना पकाउन अभ्यस्त भएका छन्।

जिल्लामा खाना पकाउने इन्धनमा बाक्लै प्रयोग हुने गोबरको चिपरी र गुइँठा (गोरहा) मा आगो ननिभ्ने र खानेकुरा पनि स्वादिलो हुने आमविश्वास छ । बर्दिबास नगरपालिकाको स्वास्थ्य शाखाका प्रमुख जनस्वास्थ्य निरीक्षक सुरेश पासवान गोबरका 'चिपरी' र 'गुइँठा'मा पकाइएको खाना मौलिक स्वादको हुने र स्वस्थ्यकर पनि हुने बताउँछन्।

यहाँका महिला अहिले कृषि कार्य नहुँदा वर्षभरिकै इन्धन जम्मा गर्न 'चिपरी' र 'गुइँठा' बनाउन व्यस्त भएका छन्। घरमा पशुबस्तु हुनेले आफ्नै गोठको गोबर जम्मा गरेर लगाउने र गोठमा नहुनेले सडक र चरन क्षेत्रसम्म पुगेर गोबर सङ्कलन गरेर घर वरपर ल्याएर थुपार्ने महोत्तरीमात्र नभएर मध्यपूर्वी तराईकै आम कुरो मानिन्छ । यसरी दुई/तीन दिन लगाएर थुपारिएको गोबर अर्को दुई/तीन दिन लगाएर 'गुइँठा' र 'चिपरी' पाथ्ने गरिन्छ। सामान्यतया गोबरलाई चाक्लो पारेर पथारिनेलाई 'चिपरी' र भित्रपट्टि पराल र मसिना झिक्रा हालेर लामो डोलो बनाइनेलाई 'गुइँठा' वा 'गोरहा' भनिन्छ। यसरी बनाइएका 'गुइँठा' घाम राम्रो लाग्ने ठाउँमा चाङ लगाएर राखिन्छ। यस्तो चाङ एक महिना जति घामले सुकेपछि 'चिपरी' र 'गुइँठा' पानी नचुहिने, नभिज्ने ठाउँमा थाक बनाएर राखेपछि आवश्यकताअनुसार खाना पकाउन प्रयोग गरिन्छ।

खासगरी वन क्षेत्र टाढा भएका र घरको आर्थिक अवस्थाले ग्यास किन्ने हैसियत नभएका घरमा इन्धनका लागि 'चिपरी' र 'गुइँठा' बालेर खाना पकाउनुपर्ने बाध्यता छ। तराई क्षेत्रमा गाई, गोरु, भैंसी र राँगाको गोबर इन्धनमा खर्च भएपछि जग्गा जमिनमा उत्पादन भने कम हुने र रासायनिक मलको प्रयोग बढेको पाका किसान बताउँछन्।

"खेतबारीमा हाल्नुपर्ने कम्पोष्ट मल बनाइने गोबर दाउरामा प्रयोग गरिन्छ", महोत्तरीकै बर्दिबास-७ का विन्देश्वर यादवले भने, "खेतबारी मलिलो बनाउने कम्पोष्ट मल नभएपछि उत्पादन निकै घटेको छ।" अब इन्धनमा गोबरको विकल्प नखोजिने हो भने जग्गाको उर्वरा शक्ति ह्रास भएर यहाँका जग्गा बेकामे बन्ने किसान बताउँछन्।

# सप्तरीका अग्निपीडितको निःशुल्क उपचार



**टुडे समाचारदाता**

सप्तरी । सप्तरीको महादेवा गाउँपालिकाका अग्निपीडित परिवारको बिहीबार निःशुल्क प्राथमिक उपचार गरिएको छ।

महादेवा गाउँपालिका १ स्थित स्वास्थ्य चौकी पकरीको टोलीले अग्निपीडित परिवारलाई बुधबारदेखि निःशुल्क प्राथमिक उपचार सेवा सुरु गरेको छ।

आगलागी भएको घटनास्थलमै आयोजना गरिएको निःशुल्क उपचारका लागि चिकित्सक, स्वास्थ्यकर्मी तथा अनमीहरुको सहयोगमा उपचार थालिएको जनस्वास्थ्य निरीक्षक भोलाकुमार यादवले जानकारी दिए । आगलागीका क्रममा आगोबाट पोलेर हात, खुट्टा र छाला जलेका १५ वर्षीय कृष्णकुमार यादव, ३० वर्षीय श्याम यादव, २२ वर्षीय शिवु यादव र १८ वर्षीया सकिना खातुन उपचार गरिएको छ।

साथै आगलागीको क्रममा सामान्य चोटपटक, अत्याधिक गर्मीका कारण हुने झाडापखालाका बिरामी र शरीरमा जलन बढी हुने बिरामीहरुको निःशुल्क उपचार गरिएको जनस्वास्थ्य निरीक्षक यादवले जानकारी दिए।

त्यस्तै, बालबालिकाहरुको समेत उपचार गरी निःशुल्क औषधी दिइएको छ। ४६ परिवारका २६७ जना आगलागीबाट प्रभावित मध्य गर्भवती ६ जना, ज्येष्ठ नागरकि, अपाङ्ग, एक जना, सुत्केरीमा दुई वर्षमुनीका १३ जना, तीन-पाँच वर्षमुनिका ११ जना सुत्केरी रहेको जनस्वास्थ्य निरीक्षक यादवले जानकारी दिए।

अहिलेसम्म १४२ जना व्यक्तिको बिहीबार उपचार गरिएको र अगामी वैशाख ३१ गतेसम्म आगलागी भएको क्षेत्रमा निःशुल्क उपचार जारी राखिने स्वास्थ्य चौकी पकरीका इन्चार्ज सि.अहेव उमेश यादवले जानकारी दिए।

सि.अहेवा, स्वास्थ्य निरीक्षक र दुई जना अनमीसहित स्वास्थ्यकर्मीहरुको टोलीले उनीहरुको उपचारमा संलग्न छन्।

# ६५ भन्दा बढी घर जलेर नष्ट

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको विष्णु गाउँपालिका–१ स्थित बाराउद्योरण गाउँमा भिषण आगलागी हुँदा करिब ६५ घर जलेर नष्ट भएको छ।

बिहीबार दिउँसो स्थानीय शत्रुघन राउतको घरमा लागेको आगोपछि ग्यास सिलिण्डर विस्फोट हुँदा गाउँका करिब ६५ घर जलेका वडाध्यक्ष विकाउ ठाकुरले जानकारी दिए।

दिउसो १ बजेतिरबाट सुरूभएको आगो स्थानीयबासी, नेपाल प्रहरी र सशस्त्र प्रहरीले बारुणयन्त्र, चापाकलको पानीको सहारामा करिब चार घण्टापछि निभाइएको समेत वडाध्यक्ष ठाकुरले बताए । "आगो निभाउन चार घण्टाभन्दा बढी समय लाग्यो । दमकल समयमै आएको भए यति धेरै क्षति हुन्थेन । केहीबेरसम्म चापाकलकै सहारामा आगो निभाउने प्रयास भए पनि बस्ती नै सखाप गरेर छोड्यो । फुसको र खपडाको छानासहितका धेरै घर भएकाले आगो चाँडै फैलियो", उनले भने।

स्थानीय विनय सिंहले एउटा घरमा लोगेको आगो ग्यास सिलिण्डर पड्किएपछि बस्तीमा विस्तार भएको बताए।

नगरप्रमुख जवाहरलाल यादवले बाराउद्योरण गाउँमा आगलागीपछि एक सयभन्दा बढी घरमा क्षति पुगेको बताए। उनले भर्खरै भित्रि्याइएको गहुँलगायत अन्नबाली, लत्ताकपडा जल्नुका साथै धेरै पशुचौपयासमेत जलेका र क्षतिको विवरण आइनसकेको बताए।

त्यस्तै, सर्लाहीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक हरिहरनाथ योगीले आगलागी नियन्त्रणमा आएको र हाल क्षतिको विवरण सङ्कलनको काम भइरहेको जानकारी दिए।

# आजपाद्वारा आन्दोलन सुरु

**टुडे समाचारदाता**

काठमाण्डु । आम जनता पार्टी (आजपा) ले भन्सार कानुनमा रहेको विवादास्पद व्यवस्था खारेजीको माग गर्दै आन्दोलनलाई पुनः निरन्तरता दिएको छ। आजपाले बिहीबारदेखि भन्सारविरुद्ध चौथो चरणको आन्दोलन थालेको छ।




आफूहरूको माग सम्बोधनका लागि वैशाख १२ गते भन्सार विभाग मार्फत सरकारलाई सचेतना पत्र बुझाइए पनि सुनुवाइ हुन नसकेपछि पूर्वघोषित कार्यक्रम गरिएको अध्यक्ष प्रभु साहले बताए।

उनका अनुसार पार्टीनिकट सम्पर्क मञ्चको अगुवाइमा भन्सार विभागमा धर्ना एवं घेराउ गरिएको छ । आजपाले भन्सार कानुनमा रहेको ४५ पुरस्कारको विवादित प्रावधान हटाउन माग गर्दै आएको छ।

अवैध भन्सार नियन्त्रणको नाममा तराई क्षेत्रको जनताको निजी सम्पत्ति लुट्ने काम तुरुन्त बन्द झन्डै ६ महिना देखि आजपाले निरन्तर सङ्घर्ष गर्दै आएको साहको भनाइ छ । देशको समृद्धिसँग जोडिएको यो सङ्घर्ष माग पूरा नभएसम्म जारी रहने सो पार्टीको भनाइ छ।

# कृषिउपज राख्न बजार निर्माण

**टुडे समाचारदाता**

वीरगञ्ज । पटेवा सुगौली गाउँपालिकामा कृषिउपज सङ्कलन र व्यवस्थापनका लागि आधुनिक बजार निर्माणको शुभारम्भ गरिएको छ । सङ्घीय सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय र गाउँपालिकाको संयुक्त लगानीमा गाउँपालिकाको वडा नं २ रङ्गपुरमा बजार निर्माण गर्न लागिएको छ।

पटेवा सुगौली गाउँपालिकाका अध्यक्ष दिनेशकुमार चौधरीले एक करोड नौ लाख लागतमा वडा नम्बर २ रङ्गपुर पर्सामा कृषिउपज र अनाजको बिक्रीवितरण र व्यवस्थापनका लागि निर्माण गर्नका लागि बजार निर्माणको काम सुरुआत गरेको बताए।

"यहाँका कृषकले उत्पादन गरेका कृषिउपजलाई व्यवस्थित ढङ्गले राख्ने ठाउँको अभावलाई पूर्ति गर्नका लागि आधुनिक बजार निर्माणको सुरुआत भइसकेको छ", उनले भने, "चालु आर्थिक वर्षभित्रै निर्माण सम्पन्न गर्ने लक्ष्य राखेका छौं।"

गाउँपालिकाले कृषि बजार बनेसँगै यहाँका कृषकले उत्पादन गरेको मौसमी तरकारी तथा अन्य उपजले उपयुक्त बजार व्यवस्थापन गर्न सघाउ पुग्ने जनाएको छ। "उचित बजार नहुँदा कृषकले विभिन्न खालका झन्झट बेहोर्नु परिरहेको छ", उनले भने, "हामीले यही परिसरमा थप १९ लाख खर्च गरेर फुड चेम्बर पनि राख्ने तयारी गरिरहेका छौं। फुड चेम्बर कोल्डस्टोर जस्तै हुनेछ।" गाउँपालिकाले चार कट्ठा क्षेत्रफल जग्गामा सो बजार निर्माण गर्न लागेको हो । अध्यक्ष चौधरीले बजारको चारैतर्फबाट पर्खाल लगाएर संरचना निर्माण गरिने बताए।

अध्यक्ष चौधरीले गाउँपालिकाका क्षेत्रका कृषकले काउजी, करेला, घिरौँला, बोडी, भिन्डी, च्याउँलगायतको व्यावसायिकरुपमा खेती गर्दै आइरहे पनि उचित बजार नपाउने समस्या पनि कायमै रहेको बताए । "यो आधुनिक बजार निर्माण भएसँगै एकातर्फ कृषिउपजले बजार पाउन सक्नेछ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८